IMPERIAL Business College
IMPERIAL BUSINESS COLLEGE
Affiliated to Pokhara University
ADMISSION
NOW OPEN
BHCM
Bachelor of Healthcare Management
(Hospital Management)
BBA
Bachelor of Business Administration
01-4438293, 01-4419306
Hattisar, Kamaladi, Kathmandu

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
# प्रतीक
दैनिक
eprateekdaily.com

विकासको नाममा सहयोग गर्नेहरूले हाम्रो आचरण र नैतिकतामा असर पुऱ्याउँछन् कि भनी सजग र सचेत होऔं ।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❖ वर्ष ३४ ❖ २०७७ चैत ३१ गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 April 13 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २२५

## कोरोना सङ्क्रमितको उपचारमा लापरवाही



नारायणी अस्पतालको आकस्मिक कक्षमा कोरोना सङ्क्रमित र खुला शौचालय । तस्वीरः प्रतीक

सुषमा शर्मा, वीरगंज, ३० चैत/

नारायणी अस्पतालमा कोरोना सङ्क्रमितको उपचारमा चरम लापरवाही भएको पाइएको छ ।

अस्पतालको सबैभन्दा संवेदनशील आकस्मिक कक्षमा कोरोना सङ्क्रमितलाई राखिएको छ र उनीहरूको उपचारमा लापरवाही भइरहेको कारण अन्यलाई पनि कोरोना सर्न सक्ने सम्भावना प्रबल देखिएको छ । आकस्मिक कक्षमा दैनिक ६० भन्दा बढी रोगी आउने गर्छन् । आकस्मिक कक्षका अन्य रोगी र कोभिडका रोगीहरूको लागि एउटै शौचालय छ । अहिले आकस्मिक कक्षसँग जोडिएको कक्षमा दुईजना कोरोना सङ्क्रमितलाई राखिएको छ । उनीहरूले प्रयोग गर्ने शौचालय नै आकस्मिक कक्षमा आउने बिरामी र उनीहरूको रेखदेखमा आउने मानिसहरूले प्रयोग गर्दैछन् । यसबाट सङ्क्रमण फैलिने सम्भावना बढी छ ।

सङ्क्रमितहरू खुलारूपमा आकस्मिक कक्ष क्षेत्रमा घुमफिर गर्ने गरेका छन् । आकस्मिक कक्षका स्वास्थ्यकर्मी जयराम महतो पिपिई लगाएर सङ्क्रमितको उपचार गर्छन् भने पिपिई फुकालेर पुनः आकस्मिक कक्षमा आएका बिरामीहरूको उपचार गर्छन् । जनशक्ति अभावमा दुवैतर्फ उपचार गर्नुपरेको उनको भनाइ छ । यसले गर्दा रोगको सङ्क्रमण फैलिन सक्ने कुरालाई उनी नकार्दैनन् । जयराम भन्छन्– सङ्क्रमण फैलिने सम्भावना धेरै छ तर बाध्यता पनि छ । यस सम्बन्धमा अस्पताल प्रशासनले व्यवस्थापन गर्नुपर्ने उनको भनाइ छ । एकैजनाले दुवैतर्फ हेरचाह गर्दा सङ्क्रमण फैलिने कुरालाई नकार्न सकिंदैन ।

यसअघि अस्पतालले पहिलो चरणको कोरोना सङ्क्रमणको बेला सबैखाले उपचार सेवा बन्द गरेर कोरोना सङ्क्रमितको उपचार मात्रै गरेको थियो तर दोस्रो चरणमा दुवै सेवा एकैसाथ गर्दैछ । अहिले अस्पतालमा दुईजना सङ्क्रमित मात्र छन् र अस्पताललाई उनीहरूको व्यवस्थापन गर्नुपर्ने जिम्मेवारी छ । तर थपिने सङ्क्रमितहरूको व्यवस्थापन गर्न अस्पताल खासै तयारी अवस्थामा रहेको देखिएको छैन । दुईजना सङ्क्रमितका कुरुवाहरू पनि अस्पताल क्षेत्रमा स्वास्थ्य मापदण्डविपरीत घुमफिर गर्दैछन् । उनीहरूले सेनिटाइजर र मास्कको प्रयोग गर्दैनन् । सङ्क्रमितहरूसँग उनीहरूको सहज भेटघाट भइरहेको छ भने अरूसँग पनि स्वास्थ्य मापदण्ड नअपनाएर भेटघाट तथा घुमफिर गर्दैछन् ।

कोभिड सङ्कट व्यवस्थापन समितिले अस्पतालमा सङ्क्रमित बढेपछि सोको विकल्पमा नेशनल मेडिकल कलेज, कोरोना अस्पतालमा राख्ने निर्णय गरेको छ । तर स्वास्थ्य मन्त्रालयबाट अहिलेसम्म स्वीकृति नआउँदा सङ्क्रमितहरूको व्यवस्थापनमा कठिनाइ हुन सक्ने बताइएको छ । अहिले पर्सा जिल्लामा ८६ जना सङ्क्रमित छन् । चैत २९ गते एकै दिन २३ जना थपिएका र त्यसअघि चैतको पहिलो सातादेखि २८ गतेसम्म ६३ जना सङ्क्रमित थिए । सङ्क्रमितमध्ये ६१ जना होम आइसोलेशनमा छन् भने दुईजना अस्पतालमा छन् । चैत २९ गते देखिएका २३ जना पनि होम आइसोलेशनमा छन् ।

## वीरगंजमा मास्कको प्रयोग बढ्यो

पहिलो चरणको कोरोना कमजोर भएसँगै पर्सा जिल्लामा कोरोनासम्बन्धी स्वास्थ्य मापदण्डको प्रयोग नगन्य अवस्थामा भएको देखिए पनि चैत २९ गते एकै दिन २३ जना सङ्क्रमित थपिएपछि वीरगंज महानगरमा मास्क प्रयोगकर्ताको सङ्ख्या ह्वात्तै बढेको छ ।

सेनिटाइजर प्रयोग गर्ने, सामाजिक दूरी कायम गर्ने र मास्क लगाउने कार्य यसअघि निकै घटेको थियो । केही मानिसले मात्र स्वास्थ्य मापदण्ड प्रयोग गरेका थिए तर अहिले सङ्क्रमितहरू बढेको समाचारसँगै बजारमा मास्कको प्रयोगकर्ता बढेका छन् । साइकल, मोटरसाइकल, जीप, कार, टेम्पोलगायत सवारीसाधनमा मास्कको प्रयोग बढेको छ भने बजार क्षेत्रमा हिंड्डुल गर्नेहरूले पनि मास्क लगाउन थालेका छन् ।

## अवरुद्ध वीरगंज–ठोरी हुलाकी सडक तुरुन्त काम शुरू गर्न प्रमको निर्देशन

चिरञ्जीवी सापकोटा, ठोरी, ३० चैत/

निकुञ्जको कारण अवरुद्ध भएको ठोरी हुलाकी सडक निर्माणको माग गर्दै ठोरीको नागरिक अगुवा टोलीले सोमवार प्रधानमन्त्री केपी शर्मा ओलीलाई भेटेको छ ।



प्रधानमन्त्रीसँग छलफल गर्दै ठोरीको नागरिक अगुवा टोली । तस्वीरः प्रतीक

नागरिक अगुवाहरूसँगको कुराकानीकै क्रममा प्रधानमन्त्री ओलीले निर्माण अवरुद्ध भएको हुलाकी सडकको काम तत्काल अघि बढाउन भौतिक पूर्वाधार मन्त्रालयलाई निर्देशन दिएको अगुवा टोलीका सदस्यहरूले बताएका छन् । ठोरी नागरिक समाजको समन्वयमा अधूरो हुलाकी सडक सम्बन्धित ज्ञापनपत्र बुझ्दै प्रधानमन्त्री ओलीले २/४ वटा रूखका कारणले र दुई/चार कट्ठा जग्गाका कारण राष्ट्रिय गौरवको आयोजना निर्माण रोक्न नहुने बताए । उनले तत्काल समस्या समाधान गर्न सम्बन्धित निकायलाई निर्देशन दिएको टोलीमा सहभागी ठोरीका सञ्चारकर्मी हेम चापागाईंले प्रतीकलाई जानकारी गराए ।

सञ्चारकर्मी चापागाईंका अनुसार प्रधानमन्त्री ओलीले ठोरीका अगुवा टोलीलाई राष्ट्रिय सभागृहमा भेट दिएका थिए । सो क्रममा प्रधानमन्त्री ओलीले ठोरीको विकासका लागि सरकार प्रतिबद्ध रहेको बताउँदै ठोरी–माडीको विकासमा कुनै पनि अवरोध भए आफूलाई तुरुन्त जानकारी दिन ठोरीवासीसँग आग्रह गरे ।

सो अवसरमा सहभागी उपप्रधानमन्त्री ईश्वर पोखरेललगायतले ठोरीको विकास निर्माण, सम्भावना र हालको अवरोधबारे चासो राखेका थिए । ज्ञापनपत्र बुझाउँदै अधूरो हुलाकी सडक सङ्घर्ष समितिका अध्यक्ष जगेन्द्र पौडेलले हुलाकी सडक निर्माण अवरुद्धबारे प्रधानमन्त्रीलाई जानकारी गराएका थिए । समस्या र समाधानबारे करीब ३० मिनट प्रधानमन्त्रीसँग छलफल भएको टोलीका सदस्यहरूले बताएका छन् । ज्ञापनपत्रमा राम जन्मभूमि अयोध्यापुरी क्षेत्रमा रामायण सर्किट निर्माणको बारेमा पनि प्रस्ताव गरिएको थियो ।

## सोमवार ४० जना सङ्क्रमित थपिए

प्रस, वीरगंज, ३० चैत/

पर्सा र बारामा सोमवार ४० जना कोरोना सङ्क्रमित थपिएका छन् ।

नारायणी अस्पतालमा ९५ जनाको स्वाब परीक्षण गरिएकोमा पर्साका ३७ र बाराका ३ जना गरी ४० जना थपिएको प्रवक्ता डा सरोजरोशन दासले बताए ।

२१ जना पुरुष र १९ जना महिला सङ्क्रमित थपिएको र उनीहरूको सिटी भ्यायु १४.६ देखि ३५.८ सम्म रहेको उनले बताए ।

यसअघि हिजो आइतवार पर्साका २३ र बाराका ५ गरी २८ जना सङ्क्रमित थपिएका थिए ।

## ठोरीमा आगलागीको घटनामा वृद्धि

प्रस, ठोरी, ३० चैत/

पर्साको ठोरी गाउँपालिका–४ स्याउलीबस्तीमा आगलागी हुँदा सानुकान्छा थिङको घर जलेर नष्ट भएको छ ।



आगो निभाउँदै सशस्त्र प्रहरी । तस्वीरः प्रतीक

सोमवार दिउँसो ३ बजेतिर विद्युत् सर्ट भएर थिङको घरमा रहेको ग्यास सिलिन्डर लिक हुँदा आगलागी भएको पीडितले बताए । आगोले जलेर थिङको काठको घर जलेर नष्ट भएको छ भने घरमा रहेको रु ३० हजार नगद, लत्ताकपडा, तोरी, चामललगायत महत्त्वपूर्ण कागजात जलेर करीब २ लाख मूल्यबराबरको क्षति पुगेको पीडित थिङले जानकारी दिए । स्थानीयवासी, नेपाल प्रहरी र सशस्त्र प्रहरीले आगलागी नियन्त्रणमा लिएका थिए ।

ठोरीमा दैनिक आगलागीका घटना बढ्न थालेको छ । शनिवार ठोरी–२ इच्छानगरमा ६ वटा घर जलेको थियो भने आइतवार ठोरी–३ रामनगरका दिलबहादुर तामाङको गोठ जलेको थियो ।

## थारू समुदायको परम्परागत घाटो पर्व लोप हुँदै

ओमप्रकाश चौधरी/प्रमोद यादव, ३० चैत/

थारू समुदायका युवतीहरूले पर्व मनाउने गरेका थिए । यस वर्ष चैत २० देखि वैशाख ५ गतेसम्म घाटो पर्व पूर्णिमाको भोलिपल्ट गाउँटोलको एक घरमा युवतीहरूले माटोको पिर्का बनाएर यो परम्परा बिस्तारै लोप हुन थालेकोमा चिन्ता व्यक्त गरिन् ।



परम्परागतरूपमा घाटो पर्व मनाउँदै पर्साका थारू समुदायका महिला, युवतीहरू । तस्वीरः प्रतीक

मनाउने घाटो पर्वको मौलिकता पछिल्लो दिनमा घट्दो छ ।

परम्परागतरूपमा थारू समुदायका युवतीहरूले माटोको घाटोलाई देवी गौरीको रूप सम्झेर पूजा गर्ने गर्थे । चैत शुक्ल पक्षदेखि यो पर्व थारू समुदायका युवतीहरूले धूमधामका साथ मनाउँदै आएका थिए । खासगरी असल वरको चाहना राख्दै युवतीहरूले यो मनाइँदैछ ।

पर्सा जिल्लाका विभिन्न गाउँपालिकामा रहेका थारू समुदायका युवतीहरूले पर्व मनाए पनि परम्परागतरूपमा ठूलो सहभागिता देखिएको छैन । जीराभवानी गापा–२ सेढवा निवासी ५५ वर्षीया देवकीदेवी थरुनीले थारू बाहुल्यता भएको गापामा पर्व मनाउने गरेको बताइन् । उनले फागु तथा माटोको घाटो बनाइ बिहान–बेलुका माता गौरीको पूजा अर्चना गर्ने चलन रहिआएको बताइन् । उनले युवतीहरूले समूहमा फूल लोढ्ने (परम्परागत गीत) गाउँदै बगैंचामा रहेको आँपको नयाँ पात ल्याइ अन्न र दूधबाट बनाइएको खीर चढाइ भोग लगाउने चलन रहेको बताइन् । उनले गर्मीयाममा राति युवतीको समूहमा गीत परम्परा रहेकोमा अहिले

पटेर्वासुगौली गापा–३ निवासी राजकुमारीदेवी थरुनीका अनुसार घाटो सेलाउने दिन प्रत्येक घरमा ससुरा रहेका छोरीलाई निमन्त्रण दिएर बोलाउने चलन रहेको र सो दिन ठेकुवा, तेलही रोटीलगायतका विशेष परिकार तयार गर्ने परम्परा रहेको बताइन् । उनले यसो गर्नका लागि गाउँटोलमा चन्दा सङ्कलन गरी सांस्कृतिक कार्यक्रम गर्ने गरिएकोमा अहिले सो परम्परा पनि बिस्तारै लोप भइरहेको बताइन् । उनले सांस्कृतिक कार्यक्रम परम्परागतरूपमा नभएर विधि पुऱ्याउनको लागि मात्र आयोजना हुँदै आएको बताइन् । सांस्कृतिक कार्यक्रममा गीत, नृत्य गर्ने परम्परा अहिले हराइसकेको उनको भनाइ छ ।

जीराभवानी गापा–४ की युवती प्रियङ्का चौधरीले परम्परागतरूपमा घाटो पर्व लोपोन्मुख हुनुको कारण

(बाँकी अन्तिम पातामा)

नराम्रो काम गर्न मन लाग्यो भने भोलिका लागि साँच, राम्रो गर्ने मन भयो कि आजै गरिहाल ।

-विचारसार र सूक्तिहरू


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२

email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


## डढेलो

**दक्षिण अस्ट्रेलिया, अमेरिकाको क्यालिफोर्निया, अमेजनको जङ्गललगायतका क्षेत्रहरू डढेलोका कारण प्रायः चर्चामा आइरहन्छन् । गत वर्ष अस्ट्रेलियाको जङ्गलमा लागेको आगोले विश्वको ध्यानाकर्षण गराएको थियो । त्यहाँ भएका क्षति साथै वन्यजन्तुको कारुणिक दृश्य एवं डढेलो प्रभावित क्षेत्रका बासिन्दाको बिचल्लीले विश्व मानव समुदायलाई स्तब्ध बनाएको थियो । डढेलोका कारण उक्त क्षेत्रको तापमान बढेर ४५ डिग्री सेल्सियसभन्दा माथि पुग्यो । उक्त घटनाले विश्व मानव समाजलाई डढेलोविरुद्ध लड्न प्रेरित गर्ने तथा चेतनशील बनाउने र डढेलोका घटनामा न्यूनीकरण हुने अपेक्षा गरिएको थियो । तर हाम्रो मुलुकमा यसको ठीक उल्टो भइदियो । विगत वर्षहरूमा भन्दा यस वर्ष यहाँ डढेलोका घटना वृद्धि भयो । यस वर्ष एकै दिन करीब छ सय स्थानमा डढेलो लाग्यो । फागुनको उत्तरार्धदेखि शुरू भएको डढेलो चैत अन्तसम्म जारी छ । अहिले पनि विभिन्न ४७ जिल्लाका करीब चार सय स्थानमा डढेलो सल्किरहेको छ । डढेलोको कारण मुलुकको वातावरणमा प्रदूषण बढ्दै गएर विश्वकै प्रदूषित शहरको उपमा काठमाडौं उपत्यकाले पाएको छ । जङ्गलको डढेलोले बस्ती पनि सखाप पार्ने क्रम जारी छ । यसै साता पर्साका ठोरीमा ६ वटा घर गोठ जलेर खरानी भयो भने मकवानपुर जिल्लामा ३२ वटा घर गोठ जल्नुका साथै एकजनाको ज्यान गएको छ ।**

**प्राय:जसो मानवीय कारणले डढेलो लाग्ने गरेको छ । अधिकांश डढेलो नियतवश र केही भने लापरवाहीका कारण लाग्ने गर्छ । जङ्गलमा झाडी सफा गर्न मानिसहरू जानाजान आगो लगाउँछन् । राम्रो घाँस साथै च्याउ पलाओस्, हिंसक जीवजन्तु टाढा भागून्, वन्यजन्तुको शिकार गर्न सहज होस्, रूखबिरुवा सुकाएर काठ दाउरा बनाउन सहजता र जङ्गल फँडानी गरेर सीमा अतिक्रमण गर्न मानिसहरूले जानाजान आगो सल्काउँछन् । सल्कँदै गएर विकराल रूप लिने हो ।**

**डढेलोले एक स्थानमा मात्रै क्षति हुने होइन । यसले विश्व वातावरणमा असर पार्छ । आगलागीबाट पृथ्वीको तापक्रम वृद्धि हुने, वाटर साइकलमा असर गर्नुका साथै वातावरणमा कार्बनको मात्रा वृद्धि गर्छ । यही कारणले विश्व वातावरण प्रदूषित हुन्छ । हाम्रो मुलुकमा प्रत्येक वर्ष डढेलोका कारण जलाधारीय क्षेत्र र महत्त्वपूर्ण पारस्थितिकीय प्रणालीको गुणस्तरमा ह्रास आउने गरेको छ । स्थानीयस्तरमा भने मुलुकमा सन् २००५ देखि हालसम्म १५ वर्षको अवधिमा डढेलोको कारण १०७ जनाको ज्यान गएको तथ्याङ्क छ । १०० जनाभन्दा बढी घाइते हुनुका साथै ९५० वटाभन्दा धेरै घर क्षति भएका छन् । यति हुँदाहुँदै पनि डढेलो नियन्त्रणसम्बन्धी उल्लेखनीय प्रयासहरू हुन सकेका छैनन् । प्रक्रियागत कठिनाइ, नीतिगत समस्या, अप्ठ्यारो भूबनोट, जनतामा चेतनाको कमी, आर्थिक स्रोत तथा दक्ष जनशक्ति, आधुनिक उपकरणको अभावका कारण डढेलो नियन्त्रण प्रभावकारी हुन नसकेको हो । डढेलो नियन्त्रण कार्यलाई प्राथमिकतामा राखेर केन्द्रदेखि राज्यका हरेक स्थानीय तहलाई जिम्मेवार बनाइ वन सुरक्षा निकायसँगको समन्वयमा काम गर्ने गरी डढेलो व्यवस्थापन स्रोत केन्द्र स्थायीरूपमा स्थापना गर्नु जरुरी छ । उक्त केन्द्रमा स्थान अनुसार डढेलो नियन्त्रणमा आवश्यक स्रोत, साधन र जनशक्ति पर्याप्त हुनुपर्छ । यसो गर्न सकिए डढेलो नियन्त्रणका साथै सो आसपासका क्षेत्रमा अन्य कारणले हुने आगलागीसमेत नियन्त्रण गर्न सहज हुनेछ ।**

# आर्थिक विकासको आधार र सरकारको भूमिका

स्वतन्त्र विचार




अधिवक्ता वीरेन्द्रप्रसाद यादव
wokil.birendra@gmail.com


**शिक्षा तथा तालीमको विकास, नयाँ स्रोत तथा अवसरको खोजी गर्ने चाहना, विद्यमान ठाउँमा वातावरणीय सुगमताको अभाव तथा सरकारद्वारा विशेष नीति कार्यान्वयन नहुँदा उद्यमशीलता ह्रास हुन्छ । यसले आर्थिक विकास प्रभावित हुन्छ ।**

वास्तवमा लगानी गर्नु मात्र उपलब्धि होइन, लगानी विस्तार गर्नु, उत्पादनमूलक क्षेत्रको वृद्धि गर्नु र समग्रमा विकासशील भई अघि बढ्नु उद्यमशीलता हो। आर्थिक तथा गैरआर्थिक तत्त्व, सरकारी नीति तथा कार्यक्रम र वातावरण तथा प्रतिस्पर्धालगायत अवस्थामा परिवर्तनको खाँचो छ।

कुनै व्यवसायको विकास, विस्तार तथा सञ्चालन निम्ति महत्त्वपूर्ण तत्त्व पूँजी हो। पूँजीविना न कुनै उद्यमको विकास हुन सक्छ, न विस्तार, न सञ्चालन नै। उद्योग व्यवसाय सञ्चालन गर्न पर्याप्त पूँजीको आवश्यकता पर्दछ। पूँजीको उपयोगबाट नै एउटाको भूमि अर्कोले प्रयोग गर्छ र उत्पादनका अन्य सामग्री सङ्कलन गरी त्यसबाट उत्पादन क्रिया सञ्चालन गरिन्छ। तर राष्ट्रमा पूँजीको समुचित व्यवस्था छैन वा व्यावहारिक कठिनाई छ भने उद्यमीहरू उत्प्रेरित हुन सक्दैनन्। व्यवसायको प्रारम्भदेखि नै कर्मचारी, कच्चा पदार्थ उत्पादन, बिक्री वितरण, अनुसन्धान, ऊर्जा, औद्योगिक सुरक्षा, औद्योगिक व्यवस्थापन आदिका लागि प्रशस्त खर्च गर्नुपर्ने हुँदा पूँजी उद्यमशीलता विकासको ज्यादै महत्त्वपूर्ण तत्त्व हो। प्रयोगबाट पनि यो कुरा देखिएको छ कि पूँजीको उपलब्धताबाट उपजमा वृद्धि हुन्छ र नाफा वृद्धिसँगै थप लगानीको स्रोत पहिल्याउने कार्य गरिन्छ र यसले उद्यमशीलता विकासमा अर्को अवसर प्रदान गर्दछ। अचेल पूँजी भन्नासाथ वित्त मात्र नभएर मानव संसाधनलाई पनि लिन थालिएको छ। योग्य, दक्ष व्यवस्थापक, कर्मचारी र कामदारहरूबाट नै सफल उद्यमको कल्पना गर्न सकिने हुँदा त्यस्ता व्यक्तिको खर्च बेहोर्न पनि प्रशस्त पूँजीको आवश्यका पर्दछ। नेपालमा साना उद्योगको लागि ग्रामीण विकास बैंक ज्यादै लोकप्रिय साबित भइसकेको छ भने मझौला तथा ठूला उद्यमका लागि एचआइडिसी तथा गैरसरकारी तथा अन्य आर्थिक संस्थाले खेलेको भूमिका प्रशंसनीय छ। सङ्घीय नेपालमा पूँजी अभाव समस्याको रूपमा रहेको प्रशस्त उदाहरण छ।

आदम स्मिथका अनुसार श्रम विभाजनले आर्थिक विकासमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ। नयाँ अवसर वा उद्यमको सम्भावना रहेपनि उपरोक्त उद्यमको लागि आवश्यक श्रम उपलब्ध छैन भने उद्यमशीलताको विकास हुन सक्दैन। त्यसैगरी उत्पादनका प्रमुख चार तत्त्वमध्ये श्रम नै सबैभन्दा महत्त्वपूर्ण तत्त्व हो किनभने श्रमबाट नै अन्य साधानको समुचित पहिचान हुन्छ। त्यसैले दक्ष तथा कुशल श्रमशक्ति प्राप्त गर्नु उद्यमीको अर्को चुनौती हो। तर अल्पविकसित देशमा दक्ष श्रमशक्तिको कमी हुन्छ। त्यसैले उनीहरूलाई तालीम तथा शिक्षा दिएर उद्यम सञ्चालन गर्नुपर्ने स्थिति आएमा उद्यमीहरू उत्साहित बन्न सक्दैनन्। अर्कोतर्फ श्रम सङ्गठनहरू कति हदसम्म सक्रिय छन् भन्ने कुरा पनि उद्यमीले विचार गरेको हुन्छ। यसरी उद्यमशीलता विकासमा श्रमले महत्त्वपूर्ण प्रभाव पारेको हुन्छ। नेपालमा सीपमूलक जनशक्ति उत्पादनमा खासै चासो राखिएको छैन। प्राविधिक दक्षता हासिल गरेकाहरू तलब अभाव, रोजगार पाउने चुनौतीलगायत कारणले विदेश पलायन हुन बाध्य छन्। आयात गरिएको दक्ष जनशक्तिलाई कैयौं गुणा बढी सेवा सुविधा दिनुपर्ने बाध्यता छ। कानूनी प्रावधानको कुरा गर्दा श्रम ऐनले आफ्नो जनशक्ति दक्ष बनुन्जेल विदेशीलाई राख्न सकिन्छ। तर यसको कार्यान्वयन ठ्याम्मै छैन। जसले गर्दा दक्ष जनशक्तिको अभाव दिन प्रतिदिन बढ्दैछ। यसले भविष्यमा ठूलो समस्या सिर्जना गर्न सक्छ। जनसङ्ख्या अत्यधिक छ तर सीपको अभाव छ। आर्थिक विकासको मुख्य खम्बा दक्ष जनशक्ति भएकोले हाम्रो शिक्षा नीतिमा परिवर्तनको खाँचो त छ नै, प्राविधिक शिक्षा, वैज्ञानिक शिक्षा लगायतमा प्रवर्द्धन अपरिहार्य छ।

कच्चा पदार्थविना उद्योगको परिकल्पना गर्नु व्यर्थ हुन्छ, त्यसैले कच्चा पदार्थको सुगम उपलब्धताबाट पनि उद्यमशीलता विकासमा सहयोग पुग्छ। हुन त कच्चा पदार्थको कमीलाई नव प्रवर्तन तथा प्रविधि विकासबाट पूरा गर्न सकिन्छ तर पनि उत्पादनको सबैभन्दा महत्त्वपूर्ण कुराविना उद्यमको कल्पना गर्न सकिन्न। नेपाल एउटा गरीब तथा अविकसित मुलुक भएकोले विदेशबाट कच्चा पदार्थ आयात गर्नुपर्ने बाध्यता छ। यद्यपि नेपालमा अथाह प्राकृतिक स्रोत साधन उपलब्ध छ, तर पनि प्रविधि र प्राविधिकको अभावमा कच्चा पदार्थको उपभोग हुन नसक्दा उद्यमशीलताको विकास हुन सकेको छैन। विदेशबाट कच्चा पदार्थ आयात गर्नुपर्दा नियमित आपूर्ति हुन नसकेर दोहोरो करको भार थपिन सक्छ। यस्ता कुराले उद्यमशीलता विकासमा प्रभाव पारेको देखिन्छ। कच्चा पदार्थले यसरी उद्यमशील विकासमा प्रभाव पारेको भन्न सकिन्छ।

औद्योगिक व्यवसाय ऐनले कच्चा पदार्थकै उपलब्धतालाई मध्यनजर गरी कर छुटको व्यवस्था गरेको छ। सुगम तथा दुर्गम क्षेत्रमा उद्योग सञ्चालन गर्दा धेरै कर छुट हुन्छ। यो सकारात्मक प्रावधान भएपनि कार्यान्वयन त्यति बलियो देखिन्न। भएजति उद्योग सुगम एवं शहरी क्षेत्रमा थुप्रिएका छन्। दुर्गम क्षेत्रमा पनि कच्चा पर्दाथको उपलब्धता धेरै छ। जस्तै यार्सागुम्बा र जडीबुटी र पानी पहाडी क्षेत्रमा पर्याप्त छ। क्षेत्रविशेषको आधारमा उद्योग स्थापनालाई विशेष महत्त्व दिनुपर्छ। जहाँ निजी क्षेत्रले जोखिम देख्छ, त्यहाँ सरकारी क्षेत्रले लगानी गर्न सक्नुपर्छ। अद्यापि देशका अधिकांश गाविस सदर मुकामको सडकसँग नजोडिनु, मोटर आवतजावत नहुनु ठूलो चुनौती हो। हरेक क्षेत्रमा उद्यमशीलताको समान विकास नभएर असन्तुलित आर्थिक अवस्था छ, जसले सङ्घीयतालाई चुनौती उत्पन्न गर्न सक्छ।

**बजार** : उद्योगमा उत्पादनको सम्पूर्ण एकाइ खर्चमूलक हुन्छ भने बजारले आम्दनी गराउँछ।उत्पादित सेवा र वस्तुको वर्तमान स्थितिले उद्यमलाई विस्तार गर्ने, जसोतसो चलाउने वा बन्द गर्ने निर्णयमा पुग्न बजारले सहगोग गरेको हुन्छ। त्यसैले नयाँ बजारको सम्भावना वा बजारको अकार बढ्दो देखिएमा सम्भाव्य उद्यमीहरू प्रवेश गर्छन्। विगतमा नेपालमा एकाधिकार रहेको सार्वजनिक संस्थाहरू विस्तारै निजीकरण गर्दै जानुबाट उपरोक्त क्षेत्रमा उद्यमीहरू आकर्षित भएको उदाहरणको रूपमा उल्लेख गर्न सकिन्छ। त्यसैगरी वैदेशिक बजारको सम्भावना रहेको उद्योगले उद्यमीलाई सधैं आकर्षित गरेको हुन्छ तथापि सञ्चारको आवश्यक विकास भइ नसक्नु अन्तर्राष्ट्रिय प्रतिस्पर्धा बढ्नु र सरकारी नीति स्पष्ट नहुनुबाट नेपाली उद्यमी खासै उत्प्रेरित नभएको पाइन्छ।

प्रविधिले उत्पादन प्रणालीलाई मितव्ययी बनाउँछ। संसारभरि देखिएको तीव्र प्रविधि परिवर्तनसँगै उद्यमी जान सकेको छ कि छैन, अथवा राज्यद्वारा परिवर्तित प्रविधिप्रति कस्तो नीति अवलम्बन गरिएको छ भन्ने कुराले पनि उद्यमको स्थापनामा असर गर्दछ। त्यसका साथै रोबोट, कम्प्युटर, सूचनाका विभिन्न सुविधा उपलब्ध हुन सक्छ या सक्दैन भन्ने कुराले पनि उद्यमशीलता विकासमा असर पारेको हुन्छ। उदाहरण स्वरूप बम्बैको रेकर्डिङ स्टुडियोलाई प्रतिस्थापन गर्न नेपालमा पनि डिजिटल रेकर्डिङ सिस्टमको स्टुडियो खोल्ने उद्यमीहरूलाई लिन सकिन्छ।

उद्यमशीलता विकासमा उपरोक्त आर्थिक तत्त्वहरूले प्रभाव पारेजस्तै गैरआर्थिक तत्त्वले पनि प्रभाव पार्ने गर्दछ।

उद्यमशीलता विकासमा सामाजिक मूल्य र मान्यताले पनि ठूलो असर पारेको हुन्छ। उद्यमी पनि समाजको एउटा हिस्सा भएकोले नै सुम्टिर, स्कार्वे, होजलिजकाजिनजस्ता विद्वान्हरूले उद्यमशीलता विकास गर्न सामाजिक वैधताजस्तो वातावरण अत्यावश्यक ठानेका छन्। जुन ठाउँमा उद्यमशीलताको संस्कार विकास भएको छ, त्यहाँ त्यो अवधारण झन् बढी प्रभावकारी रहेको छ। कतिपय स्थापित मूल्य र मान्यतामा समय–सापेक्ष फेरबदल गर्नुपर्ने हुन्छ। जसले गर्दा उद्यमशीलताका अवरोधहरू निर्मूल भएर जान्छ। यसका लागि सरकारको पनि उदार नीति आवश्यक ठानिन्छ। त्यसैले सामाजिक अवस्थाको विश्लेषण नगरी उद्यमशीलता विकास कार्यक्रम असफल हुन सक्छ। जस्तै नेपालमा केही वर्ष यता परिवार नियोजनको स्थायी साधनहरूको विज्ञापन पचाइँदैनथ्यो। तर हिजोआज त्यो स्थिति छैन। यसलाई बरु सामाजिक विकासको एउटा कदमको रूपमा लिन थालिएको छ। त्यसैले उद्यमीले कुनै पनि उद्योग स्थापना गर्नुपूर्व समाजलाई त्यो स्वीकार छ कि छैन भन्ने कुरामा विचार गर्नुपर्छ।

सामाजिक गतिशीलता भनेको सामाजिक तथा भौगोलिक गति र यसको माध्यमसँग सम्बन्धित अध्ययन हो। उद्यमशीलता विकासमा सामाजिक गतिशीलता आवश्यक हुन्छ कि हुँदैन भन्ने कुरामा विद्वानहरूको मतैक्यता छैन। तथापि सामाजिक गतिशीलताबाट उद्यमशीलताको विकास सम्भव हुने कुरा पुष्टि भइसकेको छ। उद्यमी नभएको समाजमा उद्यमशीलताको अवसर हुन्छ वा एउटा पेशा अँगालेको व्यक्ति अर्को पेशामा लाग्दा नयाँ अवसरको प्राप्ति हुन्छ। नेपालीहरू अमेरिका, अस्ट्रेलिया जान रुचाउनु यसैको परिणति हो भन्न सकिन्छ। त्यसैले गतिशील र उद्यमशील मानिस विस्थापित हुन्छ। नयाँ ठाउँमा कच्चा पदार्थ, श्रमशक्ति र उद्यमशील अवसर रहनाले उद्यमीले सफलता पनि हासिल गर्छ। गतिशीलताले भौगोलिक वा व्यावसायिक गति मात्र होइन, मनोवैज्ञानिक भाव पनि बुझाउने हुँदा उद्यमशीलता विकासमा यसको भूमिका कसैगरी गौण मान्न सकिन्न। सामाजिक गतिशीलता निम्न कारणले हुन्छ।

शिक्षा तथा तालीमको विकास, नयाँ स्रोत तथा अवसरको खोजी गर्ने चाहना, विद्यमान ठाउँमा वातावरणीय सुगमताको अभाव तथा सरकारद्वारा विशेष नीति कार्यान्वयन नहुँदा उद्यमशीलता ह्रास हुन्छ। यसले आर्थिक विकास प्रभावित हुन्छ। यस्ता तत्त्वमाथि एकात्मक सरकारको ध्यान नपुग्नु स्वाभाविक थियो तर अहिले तीन तहको सरकारले यस्ता समस्या पहिचान गरी समाधानतर्फ पहल गर्नुपर्छ।

# नेपालमा नयाँ खालको कोभिड–१९ को भाइरस

काठमाडौं, ३० चैत/रासस

कोभिड–१९ को नयाँ स्वरूपको भाइरस देखा परेपछि सतर्कता अपनाउन विज्ञहरूले सुझाव दिएका छन्। पहिलेको भन्दा कडा खालको भाइरस रहेकाले विज्ञहरूले सतर्कता अपनाउन सुझाव दिएका हुन्।

शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका निर्देशक डा सागरराज भण्डारीले अहिले देखिएको भाइरस कडा खालको रहेकाले सतर्कता अपनाउन आग्रह गरे। "पहिल्यैकै भाइरसको नयाँ स्वरूपमा अहिलेको भाइरस देखिएको छ। यसको अर्को मानिसमा सार्न सक्ने क्षमता पनि बढी हुन्छ," उनले भने, "त्यसैले स्वास्थ्यका मापदण्ड अपनाइ भाइरस सर्नबाट बच्नुपर्दछ।"

भाइरसको पहिलेकै जस्तै लक्षण देखिने गरे पनि मृत्यु हुने दर पनि बढिरहेको उनको भनाइ छ। सङ्क्रमितबाट यस भाइरस सार्ने सम्भावना ७० प्रतिशत हुने गरेको छ। सङ्क्रमणबाट बच्न खोपभन्दा पनि भौतिक दूरी कायम राख्ने, मास्क लगाउने, सेनिटाइजर प्रयोग गर्ने र साबुनपानीले बारम्बार हात धुनुपर्दछ।

अस्पतालका प्रवक्ता डा अनुप बाँस्तोलाले मापदण्ड पालना नगर्दा अहिलेको भाइरस देखिएको बताए। उनका अनुसार विद्यालय, भीडभाड हुने ठाउँ, पार्टी प्यालेस, गाडी जस्ता ठाउँबाट भाइरस फैलिने गरेको बताए।

अहिले देखिएको भाइरस बालबालिका, युवा र ५० वर्षमुनिका व्यक्तिलाई पनि देखिने गरेको छ। पछिल्लो एक महीनादेखि यस कडा खालको भाइरसले गर्दा बिरामी पनि ह्वात्तै बढेको पाइन्छ। नयाँ खालको भाइरसले गर्दा अहिले दैनिक सङ्क्रमित बढिरहेका छन्। हिजो मात्र ३०३ जना सङ्क्रमित देखिएका छन्।

अहिले देशभर ८९ जना सघन उपचार कक्ष र १५ जना भेन्टिलेटरमा उपचार गराइरहेका छन्। काठमाडौंस्थित सशस्त्र प्रहरी बल अस्पतालमा आइसियूमा नौ, नेपाल प्रहरी अस्पतालमा एक, शुक्रराज ट्रपिकलमा आठ, त्रिवि शिक्षण अस्पतालमा दुई, पाटन अस्पतालमा तीन, ग्रान्डी अन्तर्राष्ट्रिय अस्पतालमा छ र ह्याम्स अस्पतालमा नौजनाले उपचार गराइरहेका छन्।

यस्तै, शुक्रराज ट्रपिकल अस्पतालमा चार, शिक्षण अस्पतालमा एक, पाटन अस्पतालमा पाँच र ह्याम्स अस्पतालमा एकजनाको भेन्टिलेटरमा उपचार भइरहेको छ। अस्पतालका प्रवक्ता डा बाँस्तोलाले समुदायस्तरमा यस खालको भाइरस ह्वात्तै बढेको बताए। उनले यस किसिमको भाइरसको लक्षण लामो समयसम्म रहने, यही नै लक्षण हो भन्ने पनि पहिचान गर्न नसकिने बताए। सङ्क्रमितलाई चाँडै नै निमोनिया हुने सम्भावना पनि रहेको हुन्छ। पहिलेको भाइरसभन्दा यस भाइरसले १.६ प्रतिशत मृत्युदर पनि बढी गराउने उनको भनाइ छ।

यस्तै, कोभिड–१९ को गत वर्ष पाँच

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# सरकारी नीतिकै कारण स्वदेशी दाल उद्योगी बर्बाद

## सरकारले उद्योग फस्टाउन चाहेन, ट्रेडिङ व्यवसाय गर्नेलाई मात्र प्रोत्साहन

राधेश्याम पटेल, परवानीपुर, ३० चैत/

सरकारले दालको ट्रेडिङ व्यवसाय गर्ने व्यवसायीलाई मात्र प्रोत्साहन गरेको स्वदेशी दाल उद्योगीहरूले आरोप लगाएका छन् । सरकारले दाल उद्योगलाई बन्द गराउने हिसाबले नीति बनाएर ट्रेडिङ व्यवसाय गर्ने व्यवसायीलाई प्रोत्साहन गरिरहेको उनीहरूको आरोप छ। नेपालमा करीब २० वटा दाल उद्योगमध्ये आधा दर्जन उद्योग आशिंकरूपमा मात्र चल्ने गरेका छन् । कारण हो, दाल उद्योगीले सहजरूपमा विदेशबाट दालको कच्चा पदार्थ खरीद गर्न नसक्नु र आयातित दालको गेंडागुडीलाई प्रशोधित गरी प्रतिस्पर्धीरूपमा नेपाली बजारमा दाल बिक्री गर्न नसक्नु । नेपाल सरकारले एक वर्षदेखि कच्चा पदार्थ र प्रशोधित दालको आयातमा एउटै भन्सारदर राखेको छ ।


सुबोध गुप्ता



सुरेश रुँगटा


सुशान्त चाचान

दालको कच्चा पदार्थ र प्रशोधित दालमा एउटै दर अर्थात् १० प्रतिशत भन्सार महसूल राखिएकोले नेपाली दाल उद्योगीहरू बर्बादीको बाटोमा गइरहेको नेपाल चामल दाल सङ्घका केन्द्रीय अध्यक्ष सुबोध गुप्ता बताउँछन्। वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्षसमेत रहेका उद्योगी गुप्ताका अनुसार नेपालभरिका करीब दुई दर्जन दाल उद्योगीलाई सरकारले नै धरापमा पारिरहेको उनको आरोप छ। "कसरी चलाउने दाल उद्योग र किन चलाउने, जब कच्चा पदार्थ र प्रशोधित दालमा एउटै राजस्व लाग्छ भने," उनले प्रश्न गर्दै भने, "दालको कच्चा पदार्थ ल्याएर प्रशोधन गर्नुभन्दा तयारी दाल नै आयात गर्न सहज र फाइदाजनक छ।" त्यस कारण कतिपय उद्योगीले दालको कच्चा पदार्थ आयात गर्न कम गरेका छन् । उत्पादन पनि कम गरेका छन्। बजारमा आयातित दालको वर्चस्व छ। एक समय थियो, नेपाली दाल भारतको बाटो बङ्गलादेशमा बर्सेनि ५० हजार टन निर्यात हुन्थ्यो । तर अहिलेको अवस्था ठीक उल्टो छ । चालू आर्थिक वर्षमा फागुनसम्म स्वदेशी दाल उद्योगहरूले जम्मा २१ सय टन मात्र मसुरोको दाल निर्यात गर्न सकेका छन् । गत आर्थिक वर्षमा ७ हजार ४५ टन दाल निर्यात भएको थियो भने सोभन्दा अघिल्लो अर्थात् २०७५/०७६ मा १२ हजार ५ सय टन थियो। प्रत्येक वर्ष दालको निर्यात घट्ने क्रम जारी छ।

दालको कच्चा पदार्थमा आयात शुल्क बढाउँदा दाल निर्यातमा प्रतिकूल असर परेको र दाल उद्योगी घाटाको रोजगार गर्न बाध्य भएका छन्। तसर्थ दाल उद्योगहरू बन्द हुने अवस्थामा रहेको वीरगंजका अर्का व्यवसायी सुरेश रूँगटा बताउँछन् । ओम चाओसती प्रालिका सञ्चालकसमेत रहेका रूँगटाले एकातिर अन्तर्राष्ट्रिय बजारमा दुई महीनादेखि दालको कच्चा पदार्थको मूल्य २० प्रतिशतले वृद्धि भएको छ भने अर्कोतिर दाल आयात गरी ट्रेडिङ व्यवसाय गर्ने व्यवसायीसँगको प्रतिस्पर्धाले आफूहरू निराश बनेको बताए । उनले भने, "हामीले सरकारलाई कच्चा पदार्थ आयात गरी राजस्व दिन्छौं, ढुवानी व्यवसायीलाई काम दिन्छौं, उद्योगमा काम गर्ने मजदूरलाई रोजगार पनि दिन्छौं, बिजुलीको महसूल तिर्छौं तर ट्रेडिङ व्यवसायीले एउटै दरमा दाल मगाउँछन् र बेच्छन्, अनि हामी किन उद्योग चलाइराख्ने त ?"

दुई वर्षअघि सरकारले कच्चा पदार्थमा ५ प्रतिशत महसूल राखेको थियो भने प्रशोधित दालमा १० प्रतिशत पैठारी महसूल राख्दा केही हदसम्म सरकारको साथ पाएको वीरगंजस्थित चाचान समूह अन्तर्गतको नारायणी मोर्डन पल्सेजका सञ्चालक सुशान्त चाचानले बताए । उनले दालको कच्चा पदार्थमा ५ प्रतिशत र प्रशोधित दालमा १० प्रतिशत नै राख्नुपर्ने सुझाव दिन्छन् । नत्र स्वदेशी दाल उद्योगहरूको अर्बौंको लगानी डुब्ने व्यवसायीहरूको चिन्ता छ ।

**मूल्य बढ्दा दालको कच्चा पदार्थ खरीद गर्न छाडे व्यवसायीले**

नेपाली दाल उद्योगीहरूले दुई सातादेखि दालको कच्चा पदार्थ खरीद गर्न छाडेका छन्। अन्तर्राष्ट्रिय बजारमा मसूरो, चना, रहर र मासलगायत सबै दालका गेंडागुडीको मूल्य बढेको र समुद्री ढुवानी भाडा पनि सिपरले बढाएपछि अहिलेको अवस्थामा कच्चा पदार्थको अर्डर बन्द गरिएको वीरगंज उद्योग वाणिज्य सङ्घका कार्यकारिणी सदस्य सुशान्त चाचान बताउँछन्। "गेंडागुडीको दाम १० प्रतिशतले बढेको छ भने सिपिङलाइनहरूले १० प्रतिशत कन्टेनर अभाव देखाउँदै भाडा बढाएका छन्, व्यवसायीलाई २० प्रतिशत भार थपिएको छ," उनले भने, "तर नेपालमा भने दालको मूल्य बढाउने स्थिति छैन, सरकारले अङ्कुश लगाइरहेको छ, त्यसैले पहिले खरीद गरिएको कच्चा पदार्थबाट आंशिकरूपमा उत्पादनलाई निरन्तरता दिइरहेका छौं ।"

मसुरोको गेंडापहिले प्रतिटन ५६० डलर थियो भने अहिले बढेर ७२५ डलर पुगेको छ भने उद्योगीले प्रतिकिलो १०५ रुपियाँमा थोकमा मसुरोका दाल बिक्री गर्दै आएका छन् । चना पहिले टनको ५५० डलर थियो भने अहिले बढेर ७ सय डलरमा पुगेको छ । चनाको दाल नेपाली बजारमा थोकमा किलोको ११० रुपियाँमा बिक्री भइरहेको व्यवसायीहरूले बताए । त्यसैगरी, रहर टनको पहिले ७ सय डलर थियो भने अहिले बढेर विदेशी बजारमा ८ सय पुगेको छ । त्यसैगरी, मास टनको पहिले ८ सय डलर थियो भने बढेर एक हजार पुगेको थियो, पछि ८ सय डलरमैं झरेको छ ।

केराउको गेंडा आयातमा सरकारले करीब एक वर्ष प्रतिबन्ध लगाए पनि यही चैत १० गते कोटा प्रणालीमा आयात स्वीकृति दिएको छ । मसुरोको गेंडा क्यानडा, अस्ट्रेलियाबाट, चना अस्ट्रेलिया, केराउ रसिया, अस्ट्रेलिया, रहर बर्मा, अफ्रिका, मास बर्मा, अमेरिका, दक्षिण अमेरिकाबाट आयात गरिन्छ ।

**केराउ आयात बन्द गर्नुभन्दा नीति परिवर्तन गर्नु फाइदाजनक**

सरकारले केराउ आयात अस्वाभाविकरूपमा बढेको देखेर एक वर्ष केराउ आयातमा रोक लगायो। नेपालमा बर्सेनि अढाई लाख टन केराउ खपत हुन्छ तर सोभन्दा बढी आयात भयो र ग्रामीण नाकाबाट केराउ भारत तस्करी भयो। वीरगंजका व्यवसायीका अनुसार भारी मात्रामा केराउ आयात गर्ने व्यवसायीलाई ५० प्रतिशत प्रशोधन गरी दाल उत्पादन गर्नुपर्ने अथवा आयात बन्द गर्न नपाइने किसिमको नीति ल्याए केराउको तस्करी र आयातलाई नियन्त्रण गर्न सकिने वीरगंजका व्यवसायी चाचानको तर्क छ । उनले भने, "आव २०७५/०७६ मा ६० हजार टन केराउ आयात भएको थियो भने २०७६/०७७ मा २ लाख टन आयात भयो, सरकारलाई के थाहा छैन भने कुन व्यवसायीले के कामको लागि केराउ आयात गरिरहेको छ, तर आयात रोक्नुभन्दा कडा नीति बनाउनु सरकारी दृष्टिकोणले राम्रो हुनेछ ।"

# विद्यालय बन्द नगर्न सरकारलाई सुझाव

काठमाडौं, ३० चैत/रासस

कोरोना सङ्क्रमणको जोखिमबाट बचन भन्दै विद्यालय बन्द नगर्न सरोकारवालाले सरकारलाई सुझाव दिएका छन् ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा सोमवार आयोजना गरेको छलफलमा सरोकारवालाले कोरोना सङ्क्रमण जोखिमलाई न्यूनीकरण गर्न सावधानी अपनाएर विद्यालय सञ्चालन गर्न सुझाव दिएका छन् ।

नेपाल नगरपालिका सङ्घका अध्यक्ष अशोककुमार ब्यान्जू श्रेष्ठले कोरोनाको महामारी देखाएर केन्द्र सरकारले विद्यालय बन्द गर्न निर्णय नगरी स्थानीय सरकारलाई जिम्मा दिनुपर्ने बताए। उनले कोरोना सङ्क्रमणको जोखिम कुनै ठाउँमा पऱ्यो भन्दैमा केन्द्र सरकारले सबै ठाउँका विद्यालय बन्द गर्न नहुने र त्यसको अधिकार स्थानीय सरकारलाई दिनुपर्नेमा जोड दिए ।

निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन (प्याप्सन)का अध्यक्ष टीका पुरी र राष्ट्रिय निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन (एन–प्याप्सन)का महासचिव सुवास न्यौपानेको पनि जोखिम न्यूनीकरण गर्न सावधानी अपनाउनुपर्ने तर विद्यालय बन्द नगर्ने सुझाव थियो । राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष प्राडा चन्द्रमणि पौडेलले कोरोनाको प्रभाव सबैतिर एकनास नहुने भएको हुँदा क्षेत्रगतरूपमा निर्णय लिनुपर्ने सुझाव दिए। सामुदायिक विद्यालय केन्द्रीय महासङ्घका अध्यक्ष कृष्ण थापा र विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष भीमप्रसाद सुवेदीले स्वास्थ्य सुरक्षाका मापदण्डलाई कडाइका साथ पालना गरेर विद्यालय सञ्चालन गर्न सुझाव दिए ।

# विद्यालयद्वारा राहत सहयोग

चिरञ्जीवी सापकोटा, ठोरी, ३० चैत/

जहाँ विपत्, त्यहाँ रेडक्रस भन्ने मूल नाराका साथ स्थापित सरस्वती मावि ठोरी गौतमनगरको सरस्वती युवा रेडक्रस सर्कलद्वारा गत शनिवार आगलागी भएको ठोरी–२ इच्छानगर निवासी कृष्णबहादुर नगरकोटी र रामबहादुर प्रजाको परिवारलाई नगदसहित खाद्यान्न सहयोग उपलब्ध गराइएको छ ।


राहत हस्तान्तरण गर्दै विव्यस अध्यक्ष गुरुङ र शिक्षक नायक श्रेष्ठ । तस्वीरः प्रतीक

सोमवार विद्यालय व्यवस्थापन समितिका अध्यक्ष शम्भु गुरुङ, प्रधानाध्यापक केशव रेग्मी, शिक्षक नायक अनन्त श्रेष्ठ, सरस्वती युवा रेडक्रस सर्कलका प्रतिनिधि तथा शिक्षक कर्मचारी परिवारद्वारा सङ्कलित मुठीदानमार्फत जम्मा गरिएको नगदसहित खाद्यान्न सहयोग गरिएको विद्यालयका प्रअ रेग्मीले जानकारी दिए। मुठीदानबाट सङ्कलन गरिएको चामल तीन क्वीन्टल, आलु एक क्वीन्टल, प्याज ४० किलो, लसुन ५ किलो, नूनदाल ५ किलो तथा स्टेशनरी डेढ दर्जन पीडित परिवारलाई हस्तान्तरण गरिएको शिक्षक नायक श्रेष्ठले जानकारी दिए ।

विद्यार्थी एवं सर्कल कोषबाट रु ५ हजार १०, शिक्षक/कर्मचारीबाट सङ्कलन भएको रु ५ हजार ५ तथा विव्यस अध्यक्ष शम्भु गुरुङबाट प्राप्त रु २ हजार गरी रु १२ हजार १५ रुपैयाँ राहत सहयोग उपलब्ध गराइएको प्रअ रेग्मीले जानकारी दिए ।

# ब्रह्माकुमारीद्वारा आध्यात्मिक प्रवचन

प्रस, जीतपुर, ३० चैत/

ब्रह्माकुमारी राजयोग सेवा केन्द्र सिमराले 'महाशिवरात्रि सुख शान्ति र समृद्धि पर्व' विषयक आध्यात्मिक प्रवचन कार्यक्रम सम्पन्न गरेको छ ।



तस्वीरः प्रतीक

कार्यक्रममा वरिष्ठ राजयोग प्रशिक्षक राजु घलेले शिवरात्रिको आध्यात्मिक रहस्यबारे प्रस्ट पारेका थिए। कार्यक्रममा पत्रकार महासङ्घ बाराका अध्यक्ष रेशम तिवारी, प्रदेश नं २ का ट्राफिक प्रहरी प्रमुख हिमालय श्रेष्ठ, ब्रह्माकुमारी मधु दिदीलगायतले मन्तव्य राखेका थिए ।

कार्यक्रममा नेपाल पत्रकार महासङ्घका निर्वाचित पदाधिकारीहरू रेशम तिवारी, गम्भीरा सहनी, प्रकाश लम्सालगायतलाई सम्मान गरिएको थियो ।

ब्रह्माकुमारी ममता, ब्रह्माकुमार पाण्डव, सन्तोषले स्वागत गरेको कार्यक्रमको सहजीकरण ब्रह्माकुमार परमेश्वरले गरेका थिए ।

# विवेक फिल्मको अडिशन वीरगंजमा

प्रस, परवानीपुर, ३० चैत/

नेपाली कथानक चलचित्र 'विवेक'को लागि आवश्यक कलाकारहरूको लागि वीरगंजमा एक दिने अडिशन सम्पन्न भएको छ ।


चलचित्रको लागि अडिशन लिंदै निर्देशकलगायत । तस्वीरः प्रतीक

बिहान ८ देखि ५ बजेसम्म चलेको अडिशनमा १६ जना कलाकार सहभागी थिए । मधेसको परिवेशमा रीति, संस्कृतिमाथि निर्माण हुने यो चलचित्रको कुल बजेट रु ४ करोड छ भने जेठको दोस्रो सातादेखि छायाङ्कन शुरू गरिनेछ। चलचित्रको लागि करीब ८० जना कलाकार आवश्यक रहेकाले यसअघि जनकपुरमा पनि फिल्म युनिटले अडिशन सम्पन्न गरिसकेको छ। माधव वाग्लेद्वारा निर्देशित चलचित्रमा यसअघि सेल्फी किङ्ग, जात्रा, जात्रैजात्रा, गोपी, हरिप्रसाद, छड्केलगायत एक दर्जनभन्दा बढी चलचित्रमा अभिनय गरेका अभिनेता विपिन कार्कीले मुख्य भूमिकामा अभिनय गर्नेछन् ।

चलचित्रका कथा लेखक लोकनाथ कोइरालाका अनुसार नेपालमा बन्ने नेपाली फिल्मले काठमाडौंको कथालाई आधार बनाएर चलचित्र बनाएकाले सफलता हासिल गर्न नसकेकोले तराई–मधेसको कथालाई पनि समेट्नुपर्ने भएकोले यस भेगका कलाकारलाई पनि अवसर दिन खोजिएको बताए । त्रिभुवन विश्वविद्यालयमा अङ्ग्रेजी साहित्यको अध्यापन गराउँदै आएका कोइराला पछिल्लो समयमा चलचित्र लेखनमा लागेका छन्। विवेक चलचित्र भोजपुरी र मैथिली भाषामा पनि डबिङ गर्ने उनले बताए ।


भारतको रक्सौलबाट वीरगंज आउनेहरूलाई शङ्कराचार्य गेटमा थर्मलगनबाट शरीरको तापक्रम नापेर विवरण लिई वीरगंज प्रवेश गर्न दिएको दृश्य । तस्वीरः प्रतीक

# आगामी शताब्दीका भविष्य कथन

**हाम्रो भविष्य अन्धकारमय छैन**

यस युगको चर्चित इतिहासवेत्ता टायनवी यस कुरादेखि खिन्न छैनन् कि वर्तमान युगको बढ्दो विकृति मनुष्य जातिको उज्ज्वल सम्भावनालाई नष्ट गरिदिन्छ । उनी यस सन्दर्भमा पूर्ण आश्वस्त छन् कि अहिले वैज्ञानिक प्रगतिले जुन अनौठो आकर्षण मनुष्यको हातमा दिएको छ, त्यसबाट ऊ आज भलै आतुरताले भरिएको बाल क्रिडा गरोस् तर भोलि उसले परिणाममाथि विचार गर्नुपर्छ र अमर्यादित लिप्साबाट उत्पन्न सङ्कटको समाधान खोज्नु नै पर्छ । निश्चितरूपले उसले वैज्ञानिक खोजसरह आत्मरक्षा र भविष्यको स्थिरताको उपाय पनि खोज्नेछ ।

त्यस तथ्यलाई उनले आफ्नो अति महत्त्वपूर्ण ग्रन्थमा इतिहासका अनेक साक्षी प्रस्तुत गर्दै प्रतिपादित गरेका छन् । 'चेन्ज एन्ड हेबिट'मा उनले लेखेका छन्– 'बढनु, परिणाम हेर्नु र भूललाई सुधार्नु मनुष्यको स्वभाव हो । समझदार मानिस हरेक देश र हरेक कालमा हुन्छन्, उनीहरू आफ्नो समझदारीको लाभ पिछडिएका मानिसलाई दिन्छन् र भन्छन् कि कुन कठिनाइको समाधान कसरी निकाल्न सकिन्छ । समझदारीको आफ्नै शक्ति छ । त्यसले भटकावलाई माथ दिएर सही बाटोमा ल्याउँछ र मानिस ठक्कर खाएर नै सही– त्यस दिशालाई समात्छ, जुन उसको लागि श्रेयस्कर छ ।

'ए स्टडी व हिस्ट्री' र रिकन्सिडरेशन ग्रन्थमा उनले अनेकौं इतिहासका आरोह–अवरोहलाई उल्लेख गर्दै सिद्ध गरेका छन् कि दबाब र आकर्षणले कैयौंपटक मनुष्यलाई केही समयको लागि जेसुकै गराउन सहमत गर्न सक्छन् तर त्यसमा स्थायित्व हुँदैन । मानवी–विवेक अन्ततः जाग्रत हुन्छ र माथिबाट लादिएको चोला फालेर ऊ सरल स्वाभाविक स्थिति पाउनको लागि तीखो उपाय अपनाउँछ ।

यस तथ्यको आधारमा उनी मनुष्य जातिको भविष्य उज्ज्वल हुने आशा गर्छन् । 'एप्रोच टु रिलिजन' ग्रन्थमा उनी भन्छन्– जुन बुद्धि कौशल प्रकृतिका सदस्यहरू पत्ता लगाउन र त्यसको सुविधाजनक उपभोग गर्न समर्थ हुन सक्छ, त्यसले वैयक्तिक विकृति र सामाजिक अव्यवस्थाको निराकरणको बाटो खोज्छ । आगोमा पूर्णतया जल्नुभन्दा पहिले नै बच्चाले आगोबाट हात हटाउँछ ।

## युग परिवर्तन कसरी र कहिले

मनुष्य कहिल्यै सर्वभक्षी–सङ्कटको शिकार हुन सक्दैन । जब पनि सङ्कट तीव्रताले अगाडि आउँछ– परिवर्तन चक्र तीव्र गतिले चल्छ र त्यस कारणलाई निरस्त गरिदिन्छ, जुन विभीषिका उत्पन्न गर्न उत्तरदायी हुन्छ ।

'रिपोर्ट्स फ्रम दि ट्वेन्टी फर्स्ट सेन्चुरी' नामक पुस्तकमा सोभियत सङ्घका सुप्रसिद्ध वैज्ञानिकद्वय डा एम वेसिलिव एवं एस गुश्चेवले यस सम्बन्धमा विस्तारपूर्वक वर्णन गरेका छन् । उनका अनुसार भविष्य निर्माणमा अहिले प्रत्यक्ष एवं परोक्षरूपले विश्वका कतिऔं मूर्धन्य प्रतिभा ऋषि, मनीषी एवं विचारक निरत छन् र आफ्नो साहसिक योजनालाई कार्यरूपमा परिणत गर्न सक्रिय छन् । जसको मानसिक चेतनाको थोरै पनि विकास भएको छ, उसलाई थाहा छ कि प्रचलित वर्तमान ढर्राको विचाराधाराभन्दा अगाडिको सुखद समुन्नत सम्भावनाको कल्पना गर्न सकिन्छ र तद्नुरूप साधन उपकरण जुटाउन सकिन्छ । बौद्धिक एवं भावना क्षेत्रमा चलिरहेको यस द्रुतगतिको उथलपुथलमा उज्ज्वल भविष्यको सङ्केत सन्निहित छ । यो एउटा सुनिश्चित तथ्य हो ।

यी वैज्ञानिकको भनाइ छ कि लामो अवधिदेखि जुन वस्तुको सम्बन्धमा मनुष्यले कल्पना गर्दै आएको छ, त्यसमध्ये अधिकांशले अब मूर्त रूप लिइसकेको छ अथवा लिँदै छ । भोलिको कल्पना आजको वास्तविकता बन्दैछ । विश्वप्रसिद्ध घटना जुन कुनै बेला कल्पना मात्र गरिन्थ्यो, अब त्यसले साकार रूप लिइसकेको छ । अग्नि एवं विद्युत्को आविष्कार, फलामको उत्पादन, वाष्प इन्जिनको खोज, परमाणु ऊर्जा नियन्त्रण, कृत्रिम उपग्रहद्वारा ग्रह, पिण्डमा आवागमन आदिको सपना आज सबैको अगाडि मूर्तिमानरूपमा देखिंदै छ । कुनै समय थियो कि मनुष्यको एकमात्र अस्त्र तिखारिएको ढुङ्गा हुन्थ्यो । हजारौं वर्षपछि काँस्य युग आयो र त्यसपछि लौहयुग र अब हामी परमाणु युगमा छौं । जसमा आणविक ऊर्जाको शान्तिपूर्वक सृजनात्मक उपयोग पनि गरिंदैछ । युगान्तरकारी सबै घटनाले यो सिद्ध गर्छ कि यदि हामीमध्ये प्रत्येकले सुदूर भविष्यको समुज्ज्वल पक्ष चिन्तन गर्न शुरू गर्छौं र त्यसको कल्पना चित्रलाई मनमा गहिरो जरा जमाउन दिन्छौं भने कुनै कारण छैन कि आगामी दिन त्यो कठिन श्रम, सत्प्रयोजन एवं अध्यवसायसँग जोडिएर वास्तविकताको रूप ग्रहण गर्दैन र एक्काइसौं सदीमा प्रगतिको उच्चस्तरीय सम्भावना साकाररूपमा अगाडि देखिंदैन ।

विज्ञजनको मत छ कि वर्तमान समयको विस्फोटक समस्यामध्ये यस्तो एउटा पनि छैन कि जसको प्रयत्नशील मनुष्यले समाधान खोज्न सक्दैन । जनसङ्ख्याको अभिवृद्धिको ज्वलन्त समस्यालाई नै लिंदा यो स्पष्ट हुन्छ कि अब बढी अभिवृद्धिको गुञ्जाइस देखिंदैन । हामीमध्ये प्रत्येक विचारशील अब यस तथ्यदेखि अवगत भइसकेका छौं कि आगामी दिन धर्तीमा मनुष्यलाई बस्नु छ भने त्यसमाथि बढी भार लाद्नुहुँदैन । डि मैन्देलयेफ जस्ता विख्यात विचारशीलको भनाइ छ कि यस सम्बन्धमा मनुष्यको मूर्च्छना जागेको छ र ऊ बहुप्रजनन जस्तो कष्टकारक प्रक्रियाबाट पछि सर्न थालेको छ ।

एक्काइसौं शताब्दीमा बस्ने जनशक्तिको लागि भोजन, वस्त्र एवं आच्छादन जस्ता अनिवार्य जीवनोपयोगी सुविधा–साधन जुटाइनेछन् । यस प्रकार मिलीजुली सहकारी ढङ्गबाट विविध क्षेत्रमा महाक्रान्तिकारी उपलब्धि हस्तगत गरिनेछ । वसुधैव कुटुम्बकम्को भावना नै सर्वत्र सबै मनुष्यमा सक्रिय देखिनेछ । जसरी आधुनिक रासायनिक उद्योगले 'माल्थस सिद्धान्त' र त्यसको साथै 'हासमान उर्वरता' को त्यस निराशावादी सिद्धान्तलाई झूटो सिद्ध गरेको छ, जसलाई कुनै बेला एउटा अकाट्य नियमको रूपमा जानिन्थ्यो । त्यसै प्रकार आगामी दिनमा कसैले पनि भोको बस्नुपर्दैन । विशेषज्ञ अनुसार तब विविध प्रविधिको प्रयोगबाट मरुभूमिलाई पनि उर्वर बनाउन सकिन्छ तथा कृषि उत्पादनलाई सात गुना बढाउन सकिन्छ । त्यस क्षेत्रको विस्तार गरेर त्यसमा १४–१५ गुनासम्म अभिवृद्धि गर्न सकिन्छ । यस प्रकार मनुष्यलाई खाद्यान्नमा कुनै प्रकारको कमीबारे चिन्तित हुनुपर्दैन ।

वैज्ञानिकको भनाइ छ कि मनुष्यले अहिले आफ्नो वास्तविक वैज्ञानिक कौशल एवं पुरुषार्थको सही मूल्याङ्कन गर्न सकेको छैन । तर जब उसले आफ्नो सुनियोजित कला थाहा पाउँछ, तब न केवल धर्ती र मरुभूमि बरु समुद्रमा पनि उसले खेती गर्न सक्छ र बढी जनसङ्ख्याको लागि पर्याप्त भोजन व्यवस्था जुटाउन सक्छ । यस प्रकार निर्वाह समस्या सुल्झाउन सकिने एउटा महत्त्वपूर्ण ऐतिहासिक घटना हुनेछ ।

आर्थिक क्षेत्रसरह सामाजिक एवं राजनीतिक आदि क्षेत्रमा पनि महाक्रान्ति उठ्नेछ । युद्धोन्मादिहरूको समयमैं विवेक जाग्नेछ र अणुआयुधको शस्त्रीकरण प्रतियोगितामा लाग्ने श्रम, साधन, समय र पूँजीको बर्बादी रोकिनेछ र त्यस बचतको उपयोग शान्तिपूर्ण रचनात्मक कार्यमा हुनेछ ।

**आर्थिक क्षेत्रसरह सामाजिक एवं राजनीतिक आदि क्षेत्रमा पनि महाक्रान्ति उठ्नेछ । युद्धोन्मादिहरूको समयमैं विवेक जाग्नेछ र अणुआयुधको शस्त्रीकरण प्रतियोगितामा लाग्ने श्रम, साधन, समय र पूँजीको बर्बादी रोकिनेछ र त्यस बचतको उपयोग शान्तिपूर्ण रचनात्मक कार्यमा हुनेछ ।**

# कोरोना सङ्क्रमणबाट चारजनाको मृत्यु

रूपन्देही, ३० चैत/रासस

बुटवलमा कोरोना भाइरस सङ्क्रमणका कारण तीनजनाको मृत्यु भएको छ । लुम्बिनी प्रादेशिक अस्पताल अन्तर्गतको कोरोना विशेष अस्पतालमा उपचाररत रूपन्देही, अर्घाखाँची र कपिलवस्तुका एक/एक जना सङ्क्रमितको मृत्यु भएको हो ।

रूपन्देहीको तिलोत्तमा नगरपालिका–१ निवासी ७१ वर्षीय महिलाको सोमवार बिहान मृत्यु भएको हो । यही चैत २१ गते कोरोना अस्पतालमा भर्ना भएकी महिलामा ज्वरो, निमोनिया, श्वासप्रश्वासमा समस्या रहेको लुम्बिनी प्रादेशिक अस्पतालका सूचना अधिकारी डा विष्णु गौतमले जानकारी दिए । यस्तै, अर्घाखाँचीको मालारानी गाउँपालिका–५ निवासी ७९ वर्षीय महिलाको पनि आज बिहान मृत्यु भएको हो । चैत २७ गते अस्पताल भर्ना भएकी उनीमा ज्वरो, निमोनिया र श्वासप्रश्वासमा समस्या देखिएको थियो ।

त्यसैगरी, कपिलवस्तुको बाणगङ्गा नगरपालिका–३ निवासी ७१ वर्षीय पुरुषको पनि आज बिहान मृत्यु भएको छ । चैत २७ गते नै अस्पतालमा भर्ना भएका पुरुषमा ज्वरो, निमोनिया, मधुमेह जस्ता समस्या रहेको अस्पतालका सूचना अधिकारी गौतमले बताए ।

यसैगरी, कैलालीको गोदावरी नगरपालिका–३ का ५० वर्षीय पुरुषको कोरोना भाइरस सङ्क्रमणका कारण आज मृत्यु भएको छ । कडा खालको निमोनियाले अवस्था जटिल भएपछि आइतवार राति अस्पताल पुगेका उनको नमूना परीक्षण गर्दा कारोना सङ्क्रमणको पुष्टि भएको थियो ।

सेती प्रादेशिक अस्पताल धनगढीका सूचना अधिकारी दिलीपकुमार श्रेष्ठले आइतवार राति भर्ना भएका उनको अस्पतालको भेन्टिलेटरमा उपचारका क्रममा आज बिहान मृत्यु भएको जानकारी दिए । गएको फागुनमा उनी भारतबाट घर फर्किएको जनाइएको छ । सेती प्रादेशिक अस्पतालमा सङ्क्रमित चारजनाको उपचारको व्यवस्थापन भइरहेको छ । "सङ्क्रमितमध्ये दुईजनाको भेन्टिलेटरमा र एकजनाको आइसियूमा उपचार भइरहेको छ," सूचना अधिकारी श्रेष्ठले भने, "फागुन १० गतेयता कोरोनाका कारण हुने मृत्युदर अस्पतालमा शून्य रहेकामा आज ५० दिनपछि एकजना सङ्क्रमितको मृत्यु भएको हो ।"

पछिल्ला हप्तामा भारतमा यो रोगको सङ्क्रमण र मृत्युदर बढेसँगै नेपालमा यो रोग फैलिने जोखिम देखिएको छ । सुदूरपश्चिम प्रदेशसँग सीमा जोडिएको भारतको उत्तर प्रदेशमा कोरोनाको सङ्क्रमण बढेसँगै त्यहाँका शैक्षिक संस्था बन्द गरिएका छन् ।

महेन्द्रनगरस्थित महाकाली अस्पतालमा उपचाररत एकजना सङ्क्रमितको पनि केही दिनअघि मृत्यु भएको थियो । रोग फैलिन नदिन सचेतना कार्यक्रम सञ्चालन भइरहेको भएपनि स्वास्थ्य सुरक्षाका मापदण्डको पालनामा भइरहेको लापरवाहीले कोरोना भाइरसको जोखिम बढ्ने देखिएको श्रेष्ठले बताए । मास्क नलगाइ हिंड्ने, एकापसमा भौतिक दूरी कायम नगर्ने जस्ता स्वास्थ्य सुरक्षाका मापदण्ड नअपनाउँदा सुदूरपश्चिम प्रदेशमा कोरोनाको उच्च जोखिम देखिएको छ । पछिल्ला दिनमा प्रदेशमा यो रोगको सङ्क्रमण दर बढ्दै गएको छ । स्वास्थ्य निर्देशनालय दीपायलको तथ्याङ्कका अनुसार पछिल्लो तीन हप्तामा १२७ जनामा सङ्क्रमण पुष्टि भएको छ ।



**जोखिमपूर्ण यात्रा**: वीरगंज महानगर अन्तर्गतको तिलावे पुलको दृश्य हो यो । नयाँ पुल निर्माणको क्रममा पुरानो पुल भत्काउने क्रम शुरू छ । योसँगै यात्राको लागि डाइभर्सन बनाइएको छ तर साइकलबाट दैनिक ओहरदोहर गर्नेहरू पुरानै पुलबाट जोखिमपूर्ण यात्रा गर्न छाडेका छैनन् । डाइभर्सनमा खाल्डाखुल्डी र धूलो–हिलो भएको कारण उनीहरूलाई पुरानै पुलको जोखिमपूर्ण यात्रा सहज बनेको छ । तस्वीरः धर्मेन्द्र चौरसिया

## फरक समाचार

# चीनका भिखारीहरू आधुनिक बन्दै

चीनले एकातर्फ देशबाट गरीबी पूर्णरूपले समाप्त भइसकेको दाबी गर्दैछ भने अर्कोतर्फ यस देशका भिखारीहरू दिन प्रतिदिन आधुनिक हुँदैछन् । चीनका भिखारीहरू अहिले भीख माग्न ई–वालेटको प्रयोग गर्दैछन् । यसको कारण हो– चीनमा प्रविधि निकै उन्नत छ र यहाँ मानिसहरू नगदको सट्टा कार्ड लिएर हिंड्छन् । जसले गर्दा भिखारीहरूले भीख पाइरहेका छैनन् ।



चीनमा डिजिटल क्रान्तिको कारण यहाँका भिखारीहरू आधुनिक भएका हुन् । यस देशका भिखारीहरू आफूसँगै ई–पेमेन्टको सुविधा लिएर हिंड्छन् । फाइनेन्शियल एक्सप्रेसको रिपोर्ट अनुसार चीनमा भिखारी क्युआर कोडसँगै एउटा कागज लिएर शहरको पर्यटन स्थल र शपिङ मलमा उभिन्छन् । यस्तो ठाउँमा विदेशी र स्थानीय मानिसहरूको आवागमन हुन्छ र उनीहरूले बढी भीख पाउने गर्छन् ।

चीनका दुईवटा सबैभन्दा ठूलो ई–वालेट कम्पनीले यस काममा भिखारीको मदत गर्दैछ । एलिपे र विच्याट वालेटले भिखारीसँग साँठगाँठ गरेका छन् । भिखारीहरू क्युआर कोडको मदतबाट पैसा लिन्छन्, त्यसपछि दिने मानिसको तथ्याङ्क कम्पनीकहाँ पुग्छ । यी कम्पनीले त्यस तथ्याङ्कको प्रयोग आफ्नो विज्ञापन वा अन्य कुनै फाइदाको लागि गर्छन् ।

चीनका राष्ट्रपति सी जिनपिङले यसै वर्षको सुरुआतमा आफ्नो देश गरीबीमुक्त घोषणा गरेका थिए । यो दाबी गर्ने चीन संसारकै पहिलो देश बनेको छ । राष्ट्रपति जिनपिङको बयान अनुसार सत्तरको दशकदेखि अर्थव्यवस्था सुध्रिएपछि ७७० मिलियन गरीबले आर्थिक खुशहाली पाएका छन् ।

# शान्तिसँग बस्न आइल्यान्डमा घर

मान्छेको जीवन जिउने आफ्नै तरीका हुन्छ । केही मानिस विभिन्न प्रकारका सुख–सुविधाको शोख राख्छन् भने कसैले सीमित वस्तुमैं आफ्नो जीवन बिताउँछन् । भागदौडले भरिएको दिनचर्याको कारण मानिस अब शान्ति र सुखको खोजी गरिरहेका छन् । अमेरिकामा बस्ने टीम डेभिडसनले शान्तिको खोजीमा घर छाडे र करोडौं खर्च गरेर आफ्नो जिन्दगी सुखपूर्वक बिताउँदै छन् ।



टीम डेभिडसनले पहिले एउटा टिफनी भ्यान (पाङ्ग्रा भएको घर) किने र त्यसपछि यस भ्यानलाई पार्किङको लागि फ्लोरिडामा १.५ एकडमा फैलिएको आइल्यान्ड किने । यसको लागि उनले २ लाख डलर तिरेका छन् । उनले आफ्नो टिफनी भ्यानमा भान्सा, शयन कक्ष र बैठक कक्ष बनाएका छन् । उनकी पत्नी सैमले पनि यस कार्यमा मदत गर्छिन् । डेभिडसनले पूरै लकडाउन यस भ्यानमा बिताए । उनको घरलाई आइल्यान्डमा कतै पनि लैजान सकिन्छ ।

आँधीहुरीलाई मध्यनजर गर्दै डेभिडसनले आइल्यान्डमा ३२० वर्गफिटमा एउटा अर्को घर बनाएका छन् । यो घर ओक्टागन आकारमा बनाइएको छ । जसले गर्दा तुफानको हावाले कम असर गर्छ । उनको घर हेर्न टाढाटाढाबाट मानिस आउने गर्छन् । उनले किनेको आइल्यान्ड निकै फोहर थियो । त्यसपछि उनले सरसफाइ गरे । प्राकृतिक सुन्दरताको लागि उनले विभिन्न प्रकारका रूखबिरुवा पनि आइल्यान्डमा रोपेका छन् ।

# चीनका युवाहरू वसियत बनाउँदै

सन् २०२० मा चीनको वुहान शहरबाट कोरोना भाइरस संसारभरि फैलियो । अहिले नेपालमा पनि कोरोनाको दोस्रो लहर शुरू भएको छ । चीनबाट फैलिएको यो घातक सङ्क्रमणका कारण त्यहाँका युवाहरू निकै डराएका छन् । उनीहरूले आफ्नो वसियत बनाउन थालेका छन् ।



चाइना रजिस्ट्रेशन सेन्टरको रिपोर्ट अनुसार कोरोना भाइरसको सङ्क्रमणबाट हुने मृत्युको डरले चीनका युवाहरू आआफ्नो वसियत बनाउँदैछन् । चिनियाँ पञ्जीकरण रिपोर्टका अनुसार चिनियाँ नागरिक पहिलेभन्दा निकै बढी इच्छाशक्तिका साथ आफ्नो वसियत बनाउँदैछन् ।

सन् २०२० मा अगस्तदेखि लिएर अहिलेसम्म परामर्श केन्द्रमा वसियत बनाउनेको सङ्ख्या तीन गुना बढेको छ । ६० प्रतिशतभन्दा बढी युवा आफ्नो बचत अरूलाई दिने इच्छाशक्तिका साथ तयार भएका छन् र कमसेकम ७० प्रतिशत अचल सम्पत्तिको वसियत बनाउँदै छन् ।

चाइना विल अर्गनाइजेशनका निर्देशक याङ यिङ्गीले राज्य प्रसारक सिसिटिभीलाई बताए कि कोरोना महामारीले चीनका थुप्रै युवालाई मृत्युको बारेमा सोच्न प्रेरित गरेको छ । यस महामारीले युवामाथि बढी असर पारेको छ । उनीहरू सोच्दैछन्– यदि म मरें भने मेरा मातापिता र बच्चाको हेरचाह कसले गर्छ, मेरो सम्पत्ति के हुन्छ ?

चीनमा यस्तो कानून छ कि १८ वर्षभन्दा बढी उमेरका कुनै पनि व्यक्तिले वसियत लेख्न सक्छन् । जबकि १६ वर्ष उमेर पुगेकाहरूले स्वतन्त्ररूपले पैसा कमाउन स्रोत बनाउन सक्छन् । यस देशको नागरिकको औसत आयु ६७ वर्ष छ ।

प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## इरानको परमाणु केन्द्रमा क्षेप्यास्त्र आक्रमण

तेहरान, ३० चैत/एएफपी

इरानको एउटा परमाणु केन्द्रमा आइतवार क्षेप्यास्त्र प्रहार गरी आक्रमण गरिएको त्यहाँका एक उच्च अधिकारीले बताएका छन्।




इरान आणविक ऊर्जा सङ्गठनका प्रमुख अली अकबर सालेही। तस्वीरः एएफपी

इरान आणविक ऊर्जा सङ्गठन (आइएइओ)का प्रमुख अली अकबर सालेहीले सरकारी टेलिभिजनमा जारी गरेको विज्ञप्तिमा अन्तर्राष्ट्रिय समुदायलाई यस आणविकविरोधी आतङ्कवादसँग लड्न आग्रह गर्नुका साथै यस्तो निकृष्ट कार्यको कडा शब्दमा निन्दा गरेका छन्।

उक्त आक्रमण देशको औद्योगिक र राजनीतिक प्रगतिका विपक्षीहरूले गरेका, जसको समृद्धि परमाणु उद्योगको विकासलाई रोक्ने उद्देश्य रहेको पनि साहेलीले बताए। यस आक्रमणको पछाडि कसको हात रहेको छ सो भन्ने प्रस्ट नभएको उनँले जानकारी दिएका छन्। दुर्घटनाका कारणहरूको अनुसन्धान भइरहेको र थप विवरणहरू पछि प्रकाशित गरिने उनले बताएका छन्।

सन् २०१५ मा भएको एउटा परमाणु सम्झौतालाई पुनर्जीवित पार्ने कूटनीतिक पहल भइरहेका बेला यो नयाँ घटना भएको छ। सन् २०१८ मा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकालाई उक्त सम्झौताबाट अलग गरेका थिए। तर हालका राष्ट्रपति जो बाइडेनले त्यसलाई पुनः अघि बढाउने बताउँदै आएका छन्।

यस घटनामा कसैको पनि मृत्यु नभएको र चुहावट पनि नभएको इरानको फार्स न्यूज एजेन्सीलाई सरकारी अधिकारीहरूले जानकारी दिएका छन्। रासस

## आङ सान सुकीमाथि छवटा नयाँ आरोप

याङ्गुन, ३० चैत/एएफपी

म्यान्मामा सेनाको 'कू'पछि अपदस्थ गरिएका नागरिक नेता आङ सान सुकीलाई सोमवार नयाँ फौजदारी अभियोग लगाइएको उनका वकीलले जानकारी दिएका छन्।

उनीमाथि ६ वटा थप मुद्दामा अभियोग लगाइएको छ।

न्यापिटअ पाँच र याङ्गु एउटा मुद्दा लगाइएको उनका वकील मीन मीन सोले बताएका छन्। पछिल्लो आरोप मुलुकको प्राकृतिक प्रकोप व्यवस्थापन कानून अन्तर्गत रहेको पनि वकीलले थप जानकारी दिएका छन्।

म्यान्माको उत्तरपूर्वी बगो शहरमा सैन्य शासनविरुद्ध भएको प्रदर्शनमा सेनाले प्रत्यक्ष बल प्रयोग गर्दा हिजो मात्र कम्तीमा ८० जनाको मृत्यु भएको थियो। म्यान्मामा गत माघ १९ मा देशको शासनसत्ता आफ्नो हातमा लिएपछि सेनाको कारबाईमा ६०० भन्दा बढी मानिसको मृत्यु भइसकेको छ।

सेनाले निर्वाचनका बेला व्यापक धाँधली भएको दाबी गर्दै आएको छ। उक्त चुनावमा आङ सान सुकी र उनको 'नेशनल लिग फर डिमोक्रेसी' दल निर्वाचित भएको थियो। निर्वाचन आयोगले धाँधलीको उक्त दाबीलाई खारेज गरिदिएको थियो। रासस

## कोभिडबाट भारतमा १ लाख ७० हजारको मृत्यु

नयाँ दिल्ली, ३० चैत/सिन्हवा

भारतमा कोरोना भाइरसको सङ्क्रमणको कारण एकै दिनमा ९०४ जनाको मृत्यु भएपछि यस प्रकोपबाट मृत्यु हुने व्यक्तिको सङ्ख्या १ लाख ७० हजार नाघेको छ। कोरोना शुरू भएयता हालसम्म भारतमा एक लाख ७० हजार १७९ जनाको मृत्यु भएको केन्द्रीय सरकारले सोमवार जानकारी दिएको छ।

गत २४ घण्टामा भारतमा १ लाख ६८ हजार ९१२ जना थप व्यक्तिमा कोरोना भाइरस सङ्क्रमण देखिएको छ। यो सङ्ख्या भारतमा कोरोना भाइरस शुरू भएयताकै सबैभन्दा धेरै भएको सरकारी स्रोतले सोमवार जनाएको छ।

पछिल्लो केही दिनदेखि भारतमा दैनिक एक लाखभन्दा बढी सङ्क्रमित भएका छन्। यो तथ्याङ्कले भारतमा नयाँ सङ्क्रमितहरूको सङ्ख्या दैनिकरूपमा बढ्दै गएको देखाएको छ। आइतवार भाइरस सङ्क्रमणको कारण ९०४ जनाको मृत्यु भएको छ। यस वर्ष शुरू भएपछि हालसम्मको तथ्याङ्कलाई हेर्दा यो सङ्ख्या सबैभन्दा उच्च हो।

भारतका कुल सङ्क्रमितको सङ्ख्या १ करोड ३५ लाख २७ हजार ७१७ जना भएको जनाइएको छ। सङ्क्रमित अवस्थामैं रहेकाहरूको सङ्ख्या १२ लाख १ हजारभन्दा बढी रहेको छ। यद्यपि एक करोड २१ हजार ५७ हजारभन्दा बढी मानिस कोरोनामुक्त भएका छन्। रासस

# दुर्घटनामा घाइते भएका गोलेको मृत्यु

माधव तिमल्सिना, ठोरी, ३० चैत/

चैत २८ गते ठोरी गाउँपालिका-४ गोपीबस्तीमा मोटरसाइकलको ठक्करबाट घाइते भएका युवकको सोमवार मृत्यु भएको छ।



ठोरी पुग्ने सडक कालोपत्र भएपछि तीव्र गतिमा सवारीसाधन चलाउने गरिएको छ, जसले गर्दा सो सडकखण्डमा दुर्घटना पनि बढेको छ। तस्वीरः प्रतीक

२० वर्षीय मधु गोलेको वीरगंजस्थित एलएस न्युरो अस्पतालमा निधन भएको हो। गत शनिवार साँझ ७ बजे वीरगंज-ठोरी हुलाकी सडकखण्डमा पर्ने ठोरी गापा-४ गोपीबस्तीमा पैदल हिंडिरहेका चारजना युवालाई मोटरसाइकलले ठक्कर दिएको थियो। सोही दिन घाइतेमध्ये १९ वर्षीय अभिषेक गोलेको ज्यान गएको थियो भने सञ्जय लामा र आनन्द परियार घाइते भएका थिए।

विजयबस्तीबाट जीराभवानी गापा-३, नौकाटोला जाँदै गरेको नौकाटोलाका रामसिंह राय थारू सवार ग.९प ९५८७ नम्बरको मोटरसाइलले ठक्कर दिएको थियो।

दुर्घटनामा मोटरसाइकल चालक थारूसमेत घाइते भएका छन्।


**लोकसेवाको तयारी**

**निजामती सेवा:** शाखा अधिकृत, प्राविधिक सहायक (प्रा.स.), नायब सुब्बा, महिला विकास निरीक्षक, खरिदार, अमिन (सर्वेक्षक), विद्यालय निरीक्षक, कृषि तथा भेटेनरी जेटिए)

**शिक्षक सेवा:** माध्यमिक तह, निमावि तह, प्राथमिक तह, टिचिङ लाइसेन्स, त्रि.वि. सेवा आयोगका विभिन्न तह

ACHIEVERS INSTITUTE

Birgunj-8, Panitanki (Near Decimal College)

9823389488, 9865415634, 9811299300


**आजको राशिफल**

| | |
|---|---|
| मेष – भाग्योदय | वृष – बेचैनी |
| मिथुन – धनलाभ | कर्कट – सफलता |
| सिंह – अलमल | कन्या – वादविवाद |
| तुला – व्यापारवृद्धि | वृश्चिक – शत्रुभय |
| धनु – चोरभय | मकर – उदरपीडा |
| कुम्भ – मित्रमिलन | मीन – धनखति |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


**रानीघाट-पोखरिया बस समिति**

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याहन् १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसोः ३:४० बजे


## नेपालमा................

प्रतिशत बालबालिका सङ्क्रमित भएका थिए भने अहिले १५ देखि २० प्रतिशत बालबालिका देखिएको उनले बताए। बालबालिकामा ज्वरो, झाडापखला, रुघा लाग्ने जस्ता लक्षण देखिएका छन्।

इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका निर्देशक डा कृष्ण पौडेलले नेपालमा नयाँ खालका भाइरस बढ्दोरूपमा फैलिरहेको बताए। उनका अनुसार अहिले नमूना परीक्षण गर्दा २०० भन्दा बढी व्यक्तिमा नयाँ खालका भाइरस रहेको बताए।

**भाइरस पत्ता लगाउन जीन सिक्वेन्सिङ**

अहिले नेपालमा देखिएको भाइरस नयाँ खालको भएपनि कस्तो किसिमको हो भन्ने अझै पत्ता लागिसकेको छैन। "नमूना परीक्षणमा भाइरसको नयाँ प्रकारको मात्रा देखिएको छ," उनले भने, "परीक्षणका क्रममा भाइरसको 'एस' जीन नेगेटिभ देखिएकाले भाइरस साँच्चीकै नयाँ भाइरस भन्ने छ। अणुवांशिक (जीन सिक्वेन्सिङ)को पूरा मात्रा परीक्षण गरेर कस्तो भाइरस हो भन्ने पत्ता लाग्दछ।"

नेपालमा यस खालको भाइरसको जीन सिक्वेन्सिङको पूरा मात्राको परीक्षण गर्न जनशक्ति र प्रयोगशाला नभएको उनले जानकारी दिए। उनका अनुसार त्रिभुवन विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय र राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा भएका उपकरणले भाइरसको जीन सिक्वेन्सिङ गर्ने तयारी भइरहेको बताए।

राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाका सूचना अधिकारी राजेश गुप्ताले जीन सिक्वेन्सिङको परीक्षणका लागि उपकरण ल्याउन थालिएको जानकारी दिए। उनले उपकरण आइसकेपछि एक हप्तामा जीन सिक्वेन्सिङको परीक्षण नेपालमा हुने जानकारी दिए। अहिले विश्व स्वास्थ्य सङ्गठनको समन्वयमा जीन सिक्वेन्सिङका लागि हङकङमा नमूना पठाइने गरिएको छ।


**जग्गा बिक्रीमा**

पर्सागढी नगरपालिका बडनिहारस्थित आकर्षक घडेरी र खेत बिक्रीमा छ।

सम्पर्क : ९८४५०३९४३५





# ओलीको कारण पार्टी विघटनतर्फ –नेता नेपाल

प्रस, जनकपुरधाम, ३० चैत/

नेकपा (एमाले)बाट कारबाईमा परेका नेता एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले पार्टीमा आलोचना र सुझाव दिनेलाई पार्टी अध्यक्ष ओलीले शत्रुवत् व्यवहार गरेको गुनासो गरेका छन् ।

अखिल नेपाल महिला सङ्घ प्रदेश नं २ प्रदेश समितिले सोमवार जनकपुरधाममा आयोजना गरेको प्रदेशस्तरीय भेलालाई सम्बोधन गर्दै नेता नेपालले अध्यक्ष ओलीप्रति असन्तुष्टि पोखेका हुन् । पार्टी अध्यक्ष ओलीले पार्टीलाई एकपक्षीय गुठगतरूपमा सञ्चालन गरेको आरोप लगाउँदै नेता नेपालले पार्टी विघटनतर्फ अगाडि बढिरहेको भन्दै चिन्ता व्यक्त गरे । "पार्टी चलाउनेले पार्टीभित्र आलोचना सुन्ने र सुझावलाई अङ्गीकार गरी गलती स्वीकार गरेर अघि बढ्न सक्नुपर्छ," नेता नेपालको भनाइ थियो ।

मुलुकमा सबैभन्दा राम्रो पार्टी कम्युनिस्ट पार्टी नै भएको दाबी गर्दै उनले पछिल्लो समय पार्टीमा सङ्कट बढ्दै गएको र त्यो ओलीको कारणले बढेको



उनले आरोप लगाए । कार्यक्रममा नेपाल पक्षीय नेता घनश्याम भुसालले समेत मन्तव्य व्यक्त गरेका थिए ।

# भन्सार छलीका सामानसहित ट्रक नियन्त्रण

प्रस, वीरगंज, ३० चैत/

जिल्ला प्रहरी कार्यालय, पर्साले लाखौं मूल्यको भन्सार छलीका सामानसहित ट्रक र चालकसमेतलाई राजस्व अनुसन्धान कार्यालय, पथलैया चलान गरेको छ ।

जिप्रका, पर्साले जनाए अनुसार वीरगंज महानगर–१४ गण्डकमा आइतवार बेलुकी साढे १० बजे सूचनाको आधारमा ना.३ख ७२१० नम्बरको ट्रक रोकी चेकजाँच गर्दा भन्सार छलीका करीब ४२ लाख मूल्यबराबरका कस्मेटिक, हार्डवेयर र किराना सामानहरू फेला परेको थियो ।

वीरगंजबाट नारायणगढ जाने क्रममा सूचनाको आधारमा सो ट्रक चेकजाँच गरिएको र भन्सार छलीका सामान बरामद भएपछि कारबाईको लागि राजस्व अनुसन्धान चलान गरिएको पर्सा प्रहरीले जानकारी गराएको छ ।

ट्रक, सामानसहित चालक जीतपुरसिमरा उपहानगर–७ बस्ने २८ वर्षीय सुरज सिंहलाई राजस्व अनुसन्धान चलान गरिएको प्रहरीले जानकारी गराएको छ ।

## करेन्टले दम्पतीको ज्यान लियो

प्रस, मकवानपुर, ३० चैत/

मकवानपुरको हेटौंडा उपमहानगरपालिका वडा नं ९ शान्तिचोकमा सोमवार बिहान करेन्ट लागेर दम्पतीको मृत्यु भएको छ ।

मृत्यु हुनेमा ३५ वर्षीय समीर पाख्रिन र उनकी पत्नी ३० वर्षीया अंशु पाख्रिन रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

बिहान ९ बजे पाखिन दम्पतीले आफ्नो घरको मिटर बक्समा झुन्डिएको तारलाई फलामको डन्डीले उठाउन खोज्दा करेन्ट लागेको र उनीहरूलाई उपचारको लागि हेटौंडा अस्पताल पु-याइएकोमा चिकित्सकले मृत घोषणा गरेको जिल्ला प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक जयश्वर रिमालले बताए ।

## स्वास्थ्य सेवा गुणस्तरीयताबारे अभिमुखीकरण

प्रस, पोखरिया, ३० चैत/

युनिसेफको सहयोगमा पोखरिया नगरपालिकाले स्वास्थ्य संस्थास्तरीय सेवाको गुणस्तरीय सुधारसम्बन्धी दुई दिने अभिमुखीकरण कार्यक्रम शुरू गरेको छ ।

पोखरिया अस्पतालका स्वास्थ्यकर्मीहरूलाई लक्षित गरेर सोमवारदेखि शुरू भएको अभिमुखीकरण कार्यक्रमको उद्घाटन नगरप्रमुख दीपनारायण रौनियारले गरेका थिए । उद्घाटन समारोहमा उपप्रमुख सलमा खातुन, स्वास्थ्य शाखा प्रमुख कौशलेन्द्र मिश्र, उपप्रमुख दीपनारायण चौधरी र प्रशिक्षक लता बज्राचार्यलगायतले मन्तव्य व्यक्त गरेका थिए । आज र भोलि चल्ने अभिमुखीकरण कार्यक्रममा पोखरिया अस्पतालमा दिइने स्वास्थ्य सेवाको गुणस्तर, काम, सीप, औजार, उपकरण, भौतिक पूर्वाधार, काम गर्ने चाहना, व्यवहार विषयमा छलफल हुने जनाइएको छ ।

यसैगरी, प्रशिक्षक बज्राचार्यले परिवार नियोजन सेवा, मातृ तथा नवजात शिशु, बाल स्वास्थ्य सेवा, आपूर्ति व्यवस्थापन सम्बन्धमा पोखरिया अस्पतालले दिंदै आएको सेवा अझ प्रभावकारी हुन सक्ने विषयमा सम्बन्धित शाखाका कर्मचारीहरूलाई प्रशिक्षण दिएकी छन् ।

## दुईजनामा एन्टिजेन पोजिटिभ पुष्टि

प्रस, वीरगंज, ३० चैत/

भारत, रक्सौल नाका भएर वीरगंज प्रवेश गर्ने एक भारतीय महिला र अर्का नेपाली पुरुषमा एन्टिजेन पोजिटिभ पुष्टि भएको छ ।

भारतको झारखण्डबाट नेपालमा पतिलाई भेट्न आएकी २८ वर्षीया महिलामा एन्टिजेन पोजिटिभ फेला परेको हो ।

यसैगरी, वीरगंज–१३ का ३४ वर्षीय पुरुषमा पनि एन्टिजेन पुष्टि भएको छ । भारतीय महिलालाई भारत फिर्ता गराइएको छ भने नेपाली नागरिकलाई होम आइसोलेशनमा बस्न सुझाइएको छ । भारतको रक्सौल भएर वीरगंज प्रवेश गर्नेहरूलाई शङ्कराचार्य गेटमा थर्मलगनबाट ज्वरो मापन गर्ने र विवरण लिनुका साथै एन्टिजेन परीक्षण गरी नेपाल प्रवेश गर्न दिने कार्य शुरू भएको छ ।

यही क्रममा सोमवार दुईजनामा एन्टिजेन पोजिटिभ देखिएको हो ।

### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
| --- | --- | --- | --- | --- |






# खेलकूदको संसार

## वैशाख ११ गतेदेखि परवानीपुर गोल्डकप

प्रस, परवानीपुर, ३० चैत/

फूटबलका चर्चित खेलाडी गणेश थापाले खेलेको ऐतिहासिक खेलकूद मैदान परवानीपुरमा वैशाख ११ गतेदेखि परवानीपुर गोल्डकप–२०७८ आयोजना हुने भएको छ ।



प्रतियोगिताबारे जानकारी गराउँदै आयोजक । तस्वीरः प्रतीक

परवानीपुर गाउँपालिका र वीरगंज महानगरपालिका–२१ को सहयोगमा परवानीपुरका दुईवटा क्लबको संयुक्त आयोजनामा सो प्रतियोगिता हुन लागेको हो । शक्ति युवा क्लब र परवानीपुर युवा क्लबको आयोजनामा वैशाख १८ गतेसम्म हुने प्रतियोगितामा वीरगंजका दुईवटा क्लब, हेटौंडा, भरतपुर, सर्लाही, महोत्तरीको बेलखाडी, सिन्धुली र एपिएफको टीम गरी आठवटा टीम सहभागी हुनेछन् ।

विजेतालाई रु १ लाख, उपविजेतालाई रु ५० हजार, उत्कृष्ट खेलाडीहरूलाई जनही रु १५ हजार र खेलका उत्कृष्ट खेलाडीहरूलाई दैनिकरूपमा रु ५ हजार नगद, ट्रफी र मेडल प्रदान गरिने आयोजक कमिटीका अध्यक्ष सुबोधकुमार श्रीवास्तवले जानकारी दिए ।

फूटबल खेलमा परवानीपुरलाई अघि बढाउन विभिन्न दाताहरूको सहयोगबाट करीब रु १० लाखको लागतमा प्रतियोगिता हुने उनले बताए । आयोजक कमिटीका अर्का पदाधिकारी अली अख्तरले परवानीपुरमा गोल्डकप हुनु खुशीको कुरा भएको र यसले फूटबलका खेलाडीहरू उत्पादन गर्न महत्त्वपूर्ण भूमिका खेल्ने बताए । करीब रु डेढ लाख खर्च गरेर परवानीपुर खेल मैदानमा माटो सम्याउने र घाँस उमार्ने कामलगायत मर्मसम्भारलाई निरन्तरता दिएको उनले बताए ।

## राष्ट्रिय यु–१९ टोलीलाई चौधरी ग्रुपको साथ

काठमाडौं, ३० चैत/रासस

नेपाली राष्ट्रिय उन्नाइस वर्षमुनि (यू–१९) को क्रिकेट टोलीलाई चौधरी ग्रुपको वाइवाइ चाउचाउले पाँच वर्षको लागि प्रायोजन गरेको छ । नेपाल क्रिकेट सङ्घ (क्यान)का अध्यक्ष चतुरबहादुर चन्द र चौधरी ग्रुपका प्रबन्ध निर्देशक निर्वाण चौधरीले सोमवार यहाँ आयोजित एक कार्यक्रममा पाँच वर्षीय सम्झौतापत्रमा हस्ताक्षर गरेका हुन् । यस सम्झौतासँगै वाइवाइले क्यानलाई अब वार्षिक रु ७० लाख उपलब्ध गराउनेछ ।

हरेक दुई वर्षमा १० प्रतिशतले उक्त रकममा वृद्धि हुने सम्झौतामा उल्लेख छ । यस सम्झौतासँगै अब नेपाली यू–१९ क्रिकेट टोलीको नाम वाइवाई यू–१९ क्रिकेट टोली रहनेछ । कार्यक्रममा चौधरी ग्रुपका प्रबन्ध निर्देशक चौधरीले आफ्नो संस्थाको मुख्य लक्ष्य क्रिकेट खेलको विकासमा सहयोग गर्ने भन्दै क्यानसँग सहकार्य र क्रिकेटसँग जोडिन पाउँदा खुशी लागेको बताए ।

त्यस्तै, क्यानका अध्यक्ष चन्दले यस सम्झौताले नेपाली क्रिकेट खेलको विकास र विस्तारमा सहयोग पुग्ने भन्दै निजी संस्थाको सहयोगविना क्रिकेट कार्यक्रम गर्न सम्भव नरहेको बताए ।

# ठाराब क्याम्पसमा प्राज्ञिक गोष्ठी सम्पन्न

प्रस, वीरगंज, ३० चैत/

ठाकुर राम बहुमुखी क्याम्पस वीरगंजमा प्राज्ञिक गोष्ठी क्याम्पसको सभाहलमा सोमवार सम्पन्न भयो ।

गोष्ठीमा ठाकुर राम क्याम्पस इतिहास विभागका प्रमुख प्राडा वासुदेवलाल दासले 'नेपाल–भारत सम्बन्धको ऐतिहासिकता–एक विवेचना' शीर्षकमा आलेख प्रस्तुत गरेका थिए ।

गोष्ठीमा जगदीशप्रसाद शर्माले आलेखमा उल्लेख भएको शीतल जल भएको नदी कुन हो भन्दै प्रश्न गरेका थिए ।



तस्वीरः राजेश मिश्र

प्राध्यापक डा वीरेन्द्र मिश्रले यस्ता कार्यक्रममा नवपुस्ताको समेत सहभागिता हुनुपर्ने विचार व्यक्त गरे । त्यस्तै देवेन्द्र मिश्रले आलेखमा राजनीतिक पक्षसमेत समावेश हुनुपर्ने धारणा राखेका थिए । डा राजेन्द्र ठाकुर, शत्रुघ्न यादव, शिवनारायण साहलगायतले आलेखउपर आआफ्नो मन्तव्य राखेका थिए ।

कार्यक्रमको अध्यक्षता गरेका क्याम्पस प्रमुख डा उमेशप्रसाद चौरसियाले नवपुस्ताको सहभागिता हुनुपर्ने विचार व्यक्त गरेका थिए । कार्यक्रममा १९ जना उपस्थित थिए ।

# रङ्गपुर बजारमा सिसिटिभी जडान



प्रहरी चौकी रङ्गपुरमा सिसिटिभीबाट निगरानी गरिंदै । तस्वीरः प्रतीक

प्रस, पंचगावाँ, ३० चैत/

पटेर्वासुगौली गाउँपालिकाको सहयोगमा रङ्गपुर बजारमा सिसिटिभी जडान भएको छ ।

पटेर्वासुगौली गापा–२ गादीको रङ्गपुर बजारमा गापाको सहयोगमा चार थान सिसिटिभी जडान गरिएको वडाध्यक्ष विजय गैरेले बताए । रङ्गपुर बजारमा चोरी, तस्करी, दुर्घटना जस्ता आपराधिक घटना नियन्त्रणका लागि सहज होस् भन्ने उद्देश्यले पहिलो चरणमा चारवटा सिसिटिभी जडान गरिएको वडाध्यक्ष गैरेले बताए । बजार क्षेत्रका चार स्थानमा सिसिटिभी जडान गरिएको र सोको निगरानी प्रहरी चौकी रङ्गपुरले गर्दैछ ।

### थारू समुदायका.......

शिक्षा भएको बताइन् ।

पहिले शिक्षाको अभावमा युवतीहरू एकीकृत हुने र यस्तो परम्परा निर्वाह गर्दै आएकोमा अहिले अध्ययनमा लीन भएका कारण परम्परागत संस्कृतिमा असर परेको टिप्पणी गरिन् ।

अध्ययनको कारण समय अभावले परम्परागत संस्कृति मनाउन युवतीहरू असमर्थ भएको उनको बुझाइ छ । अहिले विधि पूरा गर्नेसम्मको पूजा अर्चना गरिने गरी परम्परालाई निर्वाह गर्ने काम मात्र भइरहेको प्रियङ्का बताउँछिन् ।

दुई सातासम्म मनाइने यो पर्वमा अहिले शिक्षाको कारण युवतीहरू अध्ययनका साथै विभिन्न रोजगारमा संलग्न भएको र उनीहरूलाई लामो समयसम्म परम्परागत घाटो पर्व मनाउन समय अभाव भएकोले संस्कृति लोप हुन लागेको बताइन् ।

पटेर्वासुगौली गापाकी उपाध्यक्ष एवं थारू कल्याणकारी समिति, पर्साकी केन्द्रीय पार्षद् ममता महतो थारूले थारू परम्परा, संस्कृति तथा भाषा संरक्षणको जिम्मेवारी जनप्रतिनिधि र थारू कल्याणकारी समितिको भएको बताइन् ।

उनले यसको जगेर्नाको लागि गापाले सङ्घीयता लागू भएको पहिलो आर्थिक वर्षमा केही लगानी गरेको बताइन् तर सोको परिणाम उल्टो आएको बताउँदै परम्परागत संस्कृतिको जगेर्ना समुदायबाट हुनुपर्ने प्रतिक्रिया दिइन् । उनले परम्परागत घाटो पर्वको संरक्षणको लागि थारू कल्याणकारी समिति, पर्सा प्रयासरत रहेको प्रतिक्रिया दिइन् ।

**पत्रकार आचारसंहिता २०६० मा उल्लिखित आचरणहरूको उल्लङ्घन गरेको छ भनी पीडित पक्षलाई लागेमा त्यस्ता पत्रकार तथा सञ्चारमाध्यमविरुद्ध प्रकाशन तथा प्रसारण भएको मितिले १५ दिनभित्र प्रेस काउन्सिलमा उजुरी दिई आफ्नो अधिकारको संरक्षण गरौं ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग